**26 June 2019, Rome -** Despite the heterogeneity of the region, there is one common challenge related to food security that is present to varying degrees in all countries of Europe and Central Asia - "the triple burden of malnutrition" consisting of undernutrition, overweight and obesity, and micronutrient deficiencies. This pressing issue was discussed today by representatives of FAO Member Countries at a special event on the sidelines of the 41st Session of the UN agency's Conference.

In his opening remarks, the FAO Director-General José Graziano da Silva noted that the region of Europe and Central Asia is better nourished compared to other regions where hunger is "a traditional issue" but it has been recently affected by the impact of climate change, which impedes the efforts to grow food and have better nutrition.

"There is also another issue - the growing level of obesity, reaching epidemic levels in some countries of the region," he said.

"It is now an established fact that in Europe and the richer countries, the problem is not one of undernutrition, but rather of diseases whose human impacts are more specifically due to poor nutrition and overeating," said Carlo Petrini, the founder of the International Slow Food Movement and FAO Goodwill Ambassador for Zero Hunger for the Region of Europe.

In a video message to participants, he stressed that tackling these issues requires extensive food education efforts, while at the same time safeguarding small-scale farmer's locally-based and sustainable economic activities.



*FAO Assistant Director-General and Regional Representative for Europe and Central Asia, Vladimir Rakhmanin, said that "malnutrition is still present in spite of rising prosperity."*

Noting that although structured hunger is the thing of the past in the region, FAO Assistant Director-General and Regional Representative for Europe and Central Asia, Vladimir Rakhmanin, said that "malnutrition is still present in spite of rising prosperity."

Among important challenges for food security, which need to be addressed in the region, Rakhmanin cited climate change and acute crises spilling over across borders.

He prioritized three areas of work in the region including support to smallholder- and family farmers, improving agrifood trade and market integration, and sustainable natural resource management under changing climate.

"Recently we have started focusing on nutrition issues more, addressing increasingly the negative effects of obesity and overweight including impacts of food systems on non-communicable diseases," he added.

Rakhmanin, also expressed his gratitude to FAO's partners in the region for their active support, including the European Union and Turkey - in particular for their role in providing accommodation for Syrian refugees - the Russian Federation and China. He noted that the latter, though outside the region, is "actively engaged in projects in Central Asia, the Caucuses and the Balkans."

**Obesity and micronutrient deficiencies - a serious concern for Europe and Central Asia**

Dr. Mirjana Gurinovic, Senior Researcher from the Serbia's Centre of Research Excellence in Nutrition and Metabolism Institute, gave an insight into the

'दृष्टिकोण अनुसार राखिएका केही कार्यक्रम असफल भए' कर्मचारीलाई संकेत गर्दै भने, 'पूँजीगत खर्च नहुनुका पछि म मूलत जिम्मेवार छु। तर, तपाईहरू पनि दोषी हुनुहुन्छ।' नेतृत्वको दृष्टिकोण कार्यन्वयन नहुनु सुखद नभएको उनको भनाई थियो।

आव २०७५/०७६ को वार्षिक अवधिको प्रगति समीक्षा कार्यक्रममा बोल्दै मन्त्री खनाल झण्डै आधा घण्टा कर्मचारीको कार्यशैली प्रति खनिए। कर्मचारीको कार्यपद्धती र कार्यशैलीका कारण आफूले अघि सारेका केही महत्वपूर्ण योजना तथा कार्यक्रम असफल हुन पुगेको बताए।

'दृष्टिकोण अनुसार राखिएका केही कार्यक्रम असफल भए' कर्मचारीलाई संकेत गर्दै भने, 'पूँजीगत खर्च नहुनुका पछि म मूलत जिम्मेवार छु। तर, तपाईहरू पनि दोषी हुनुहुन्छ।' नेतृत्वको दृष्टिकोण कार्यान्वयन नहुनु सुखद नभएको उनको भनाई थियो।

गत वर्षका ९ ओटा आफ्ना कृषिका कार्यक्रम एक र दुई जना बद्मासी कर्मचारीका कारण सफल हुन नसकेको उनको भनाई छ। 'गतवर्षका झण्डै ९ ओटा योजनाहरू मैले कण्ठै गरेर हिँडिराख्या छु। ठाउँ-ठाउँमा बोल्ने गरेको छु।

ती किन सफल भएनन् त भन्दा एक/दुई जना मान्छेको बदमासीका कारण भएनन्। कर्मचारीहरूलाई प्रश्न गर्दै भने, 'ती नहुने कार्यक्रम त थिएनन् नी। प्रदेशले गर्ने हामी किन सक्दैनौं ? ती कार्यक्रममा केही मान्छेको बदमासी नै हुन्।'

समीक्षामा मन्त्रीको अभिव्यक्ति जस्ताको तस्तै कर्मचारीको नियतमा खोट, पुरानो कार्यशैलीको दम्भ र अलिकति पनि परिवर्तन हुन नचाहने दृष्टिकोण भएका कारणले मैले अघि सारेका कार्यक्रम कार्यान्वयन भएनन्। तर, यसको अर्थ मैले कसैप्रति आरोप गरेको पनि छैन र कसैप्रति औंला उठाएको पनि छैन्। मैले आफनै कमजोरीको रुपमा लिएको छु। त्यतिबेला यी कार्यक्रम छनौंट गर्दा सायद अलिकति कमजोरी मेरो भएछ भन्ने महशुस गरेको छु।

५८ बुँदेमा हामीले गर्ने नसक्ने कार्यक्रम थिएन्। मान्छेले प्रचारका रुपमा पनि कार्यक्रम राख्छन्। नार्कको डीन यूनभर्सिटी बनाउने कार्यक्रम गर्न नसक्ने थियो ?। हो, हामीलाइ अलिकति ऐनले कहीकतै सम्बोधन गरेन, त्यो मानेका छौं।

तर, भारतसँग हामीले सहमति गरेका छौं। उहाँको टिमसँग हाम्रो दुइरदुइ पटक कुराकानी भयो। यो अनुसार लैजानु भन्नुभयो। हामीले ऐनमा संशोधन गर्न केही बुँदा पनि पठायौं। त्यो संशोधन फेरी पनि गर्नुपर्छ भनेपछि लगिएन्। केही गोदामको कुरा हामीले गऱ्यौ। केही गोदामहरू निर्माण गरेनौं भने मलको समस्या हल गर्न सक्दैनौं भन्यौं। गतसाल हामीले सजिलै मलको समस्या हल गरेका थियौं।

तर, अहिले केही मान्छेको नियतका कारण समस्या आयो भन्नेमा म छु। किनभने, त्यही बजेट हो, त्यही तरिका हो, किन हुँदैन ? हिजो त हामी अर्न्तयाममा पुगेका थिएनौं। तर, अहिले त म भित्र छिरेर बुझ्न सकेको छु भन्नेमा मलाई लागेको छ। कर्मचारीहरू यति बदमास रहेछन् यहाँ कि मलको क्षेत्रमा। मैले अहिले भेटाउँदैछु बल्ल। ती मान्छे अहिले पहिचान गर्दैछु। कतिपय काम एउटै वर्षमा गर्नु पर्ने थियो।

केही दोस्रो, तेस्रो, चौथो वर्षसम्म जाने कार्यक्रम थिए। हामीले सही नियतसाथ शुरुवात गरेको भए राम्रै जग हाल्थ्यो। अहिले तपाईहरूले भन्नुभयो कि राम्रा निरन्तरताका कार्यक्रम थिए, तिनको परिमाण र प्रगति प्रधानमन्त्री कार्यालयबाट अनलाइन अनुगमन मार्फत हेर्ने हो भने त्यती धेरै त्रुटीहरू हुने थिएनन्।

तपाईहरूले गएको एक वर्षको मुल्याङ्कन कत्तिको गर्नुभएको छ कुन्नी, खरो कुरा गर्नुपर्ने मैले देख्या छु। किनभने, यो एक वर्षमा कुनै पनि काममा निष्कर्ष कसरी निस्कन्छ। कार्यान्वयन कसरी हुन्छ, मेहनत गरौं भन्ने बाहेक कुनै निकायलाई विकल्प छैन्। किनकी मैले त केही गरेको छु, मन्त्रीको तहबाट। हामीले साँच्चीकै गर्ने भनेका १० ओटा कार्यक्रम त भएनन् अहिले। हामीले गतवर्ष शुरु गरौं भनेर १० ओटा कार्यक्रम जहाँ वजेट राखेका थियौं त्यो त भएन्। झण्डै डेढ देखि २ अर्बका कार्यक्रम त भएनन् भन्ने कुरा त हामीले स्वीकार्नु पऱ्यो। यो वर्षको समीक्षामा यो कुरा नस्वीकार्ने हो भने आगामी वर्ष हामीले गर्छौं भन्ने ग्यारेन्टी के छ ?। मन्त्रालयको सर्वसत्ता त मन्त्री नै हो। अरु कोही हो र ? मलाई लाग्छ, एक्लै बसेर दुईजना मिल्ने साथी लिएर होटलमा जाँड खाएर आफुभन्दा माथिकालाई गाली गर्नुको केही अर्थ हुँदैनन्।

यो जाबो हुँदैन्। नचाहिँने कुरा राखेछ मन्त्रीले। जाबो भन्न त सकिहालिन्छ नि होइन ? कसैसँग तर्क गर्न सकिएन भने बाहिर गएर दुईजना मान्छेसँग बसेर, परिवारसँग बसेर गाली गर्न त सकिहालिन्छ।

मैले यो कुरा किन राखे भने यस्तै रह्यो भने आगामी वर्ष हामीले प्रस्तावित गरेको ४ ओटा योजनाहरू अघि बढ्दैनन्। मैले देख्या छु। अहिले नै त्यसको 'सिमटम' देखिसके। केही प्रदेशलाई लागु हुने कार्यविधि हामीलाई पनि लागु हुन्छ । ४ नम्वर प्रदेशले हिजो सुचना जारी गर्‍यो। यसको अर्थ उनीहरूले ४ नम्वर प्रदेशले जेठ असारभित्र कार्यविधि बनाएछन् भनेर बुझ्न् पर्‍यो।

तपाईहरूले आफ्नो जिम्मेवारी लिनुभएको छ। मेरो जिम्मेवारी मैले पनि लिएको छु। मन्त्रालय भनेको परिवार हो। हामी सबै मिलेर समस्या हल गर्ने हो। समस्या कहाँ छन त्यसको पहिचान गर्ने हो। त्यसो हो भने, अहिलेका कार्यक्रममा समस्या यहाँ देखिन्छन् है। नीतिगत ढङ्गले यहाँ देखिन्छन्। व्यवहारिक दृष्टिकोणले यहाँ देखिन्छन् भनेर भन्नुपर्‍यो।

यस्तै तरिका हामीले अपनायौं भने अहिले मंसिरमा पनि सूचना निस्कदैनन्। तर, भदौ मसान्तभित्र सबै काम पूरा गरिकन टेण्डर प्रक्रिया, सुचना आदि इत्यादी गर्नेछौं भन्ने कुरा त हिजो हामीले हस्ताक्षर गरेर आएकै थियौं। अब हामीलाई उम्किने ठाउँ छैन। सिधै हामीले भन्नुपर्छ सम्माननीय प्रधानमन्त्रीज्यूको अगाडी यो काम गर्नुपर्ने थियो सकिएन भन्नुपर्छ।

एकदम राम्रोसँग मलाई भनिदिनुहोस्। यसो गर्दा राम्रो हुन्छ भनेर भन्नुहोस न बरु। मैले अहिले देखेको छु ५० करोड रुपैयाँ बजेट कृषिमा युवा नयाँ कार्यक्रम थियो। गतवर्ष हामीले १० करोड राख्यौं फ्रिज हुने। त्यो कार्यक्रम लागु नहुने। अहिले १ अर्ब रुपैयाँ हामीले प्रस्ताव गरेका थियौं। तर, अर्थले पो ५० करोड दिएर हेरौं भन्या हो। अब त्यो कार्यक्रम हामीले लागु गर्न सकेनौं भने के हुन्छ ?

यो असोजभरी हामीले सूचना जारी भएन भने के हुन्छ ? त्यो कार्यक्रम जान्छ, पक्कै जादैन्। त्यसकारण मन्त्रीले प्रस्ताव गरेको हामीलाई जरुरी छैन् भन्ने हो भने यही भन्नु पर्‍यो। अनि पो मेरो मुद्दाको रहेनछ भनेर योजना हटाउँछु। कि यो गर्न सकिन्छ भनेर कन्भिन्स गर्छु नि मैले।

अहिले हामीले लक्ष्य पूरा गर्नै पर्छ। त्यसमा कुनै छुट हुँदैन। कसरी गर्ने, तपाई सबैले सोचौं र गरौं। हुँदैन भने तर्कसहित लिखित वा मौखिक रुपमा यस कारण सक्दैनौं भनेर ल्याउनुहोस्। कसैले कसैसँग डर मान्नुपर्ने स्थिति छैन्।



ती कामको एकीकरण होस् भन्ने हेतुले समुचित ढंगको विकास गराउने एक ब्लक डेभलप्मेन्ट अफिसर रहनेछ। गाउँको स्तरमा काम गर्ने एक ग्राम मेडलको देखरेख गर्न ग्राम सेवक रहनेछ। जसले आफ्नो कार्य क्षेत्रमा रहेको गाउँहरूको सर्वतामूखी विकासको काम गर्नेछ। प्रत्येक हात सुधार ब्लकमा सम्बन्धित सबै कार्यक्रमलाई चाहिने प्राविधिज्ञहरू रहीकार्य सञ्चालन हुनेछ।

**८. कार्यकर्ताहरूको शिक्षा तथा तालिम :**

ग्राम विकास कार्य सञ्चालन विभिन्न किसिमका कर्मचारीहरू चाहिन्छन्। जस्तो ग्राम सेवक, शिक्षा सुपरभाइजर, कृषि सुपभाइजर, हेल्थ स्पेशियलिष्ट ईत्यादि यस किसिमको कर्मचारी यथेष्ठ मात्रामा चाहिने हुनाले तालिम गर्न आवश्यक स्पेशलिष्ट कर्मचारी यथेष्ठ मात्रामा चाहिने हुनाले तालिम गर्न आवश्यक छ। तसर्थ रुरल इन्स्टीच्युट खोल्ने प्रबन्ध गरिएको छ। ग्राम विकास काममा चाहिने सबै किसिमको कर्मचारीहरूको यस शिक्षालयमा तालिम दिइनेछ। ग्राम विकासको काम ग्रामवासीबाट हुनुपर्दछ भन्ने कुरा ध्यानमा राखि तालिम पाउने शिक्षार्थीहरू धेरै जसो गाउँकै रहने छन्।

यसको अलावा काम गरिरहँदा पूराना कर्मचारीहरूलाई पनि समय समयमा छोटो अवधिको तालिमहरू दिइनेछ।

यही शिक्षालयमा कृषि पद्धति र अरु प्राविधिक विषयमा गाउँका किसानहरूलाई पनि तालिम दिइने प्रबन्धपत्र गरिनेछ। यी किसानहरूले तालिम पाई गाउँमा गएर अरुलाई सिकाउने छन्। यसको अलवा काम गरिहँदा पूराना कर्मचारीहरूलाई पनि समय समयमा छोटो अवधिको तालिम यसको अलवा काम गरिरहँदा पूराना कर्मचारीहरूलाई पनि सयम समयमा छोटो अवधिको तालिमहरू दिइनेछ।

यही शिक्षा शिक्षालयमा कृषि पद्धति र अरु प्राविधिक विषयमा गाउँका किसानहरूलाई पनि तालिम दिने प्रबन्ध गरिन्छ। यी किसानहरूले तालिमपाई गाउँमा गएर अरुलाई सिकाउने छन्।

देशको सम्पूर्ण मार्गको ब्लक डेभलप्मेन्ट अफिसरहरू र अरु कर्मचारीको प्रत्येक वर्ष कमसेकम १ सम्मेलन गरिनेछ। जसको भिन्नभिन्न स्थानको कार्यका प्रगतिको लेखाजोखा तौल, अनुभव तथा विचारको आदान प्रदान गरी वाधा अड्काउ हटाउने तरिका निकालिन्छ।

९ स्वयम् सेवकहरूले ग्रामवासीमा बढिया तरिकाको प्रयोगले परिक्रम गर्न र बढिया जीवन निर्वाह गर्ने ईच्छाको जागरण गराउँदैछ। ग्रामवासीले उचित तरिकाले खेती त्याग गरि उन्नत बीज छानेर आफैले सिकेका उन्नत कृषि कमीको अनुसरण गरी ढाँट्ने तथा नोक्सान नहुने गरी थन्काउने काम गर्दछन्। पशु धन, हाँस कुखुराहरूको पालनको उत्तम तरिकाहरू पनि ग्राम विकास सेवाकार्यबाट प्राप्त गरी त्यसको अनुसरण गर्दछन्।

यसको अलवा सफल सुग्घर रहने, पौष्टिक भोजन गर्ने शिक्षा प्राप्त गर्ने बढिया उपार्जन तरिकाको ज्ञान हामी हार्मशील गर्ने मल बनाउने इत्यादि विषयमा पनि ग्रामवासीले प्रयत्न पूर्वक अभ्यास गर्ने पाउनु पर्ने छन्।

बाटो र कुलो बनाउने तथा मर्मत गर्ने गाउँको सफाई र पिउने पानीको प्रबन्ध गर्न स्कुलको स्थापना गर्ने मनोरञ्जनको प्रबन्ध गर्ने गाउँको शोभा बढाउने इत्यादि काममा पनि सामूहिक प्रयोग ग्रामवासीहरूले गर्न पाउने छन्।

घरेलु ईलम, वाणिज्य व्यवसाय, पशु तथा अन्नको संक्रामक रोगहरू माथि विजय पाउन पनि ग्रामवासीहरूले व्यक्तिगत तथा सहयोगात्मक तरिकाबाट भाग लिने छन्।

आत्मोन्नति गराउने र आफ्नो क्षेत्रको जुनसुकै कार्य गर्न गराउने मात्र होइन शिक्षा, शिल्प, तथा अरु समस्या समाधानको विषयमा पनि ग्राम सेवकको सहायता लिएर ग्रामवासीहरूले सभामा सक्रिय भाग लिन्छन्।

ग्रामवासीहरूले यो कार्य आफ्नो समझदारी पूरा भाग लिनका लागि उनीहरूलाई भागलिन अनुरोध गर्नुको अलावा हरेक ग्राम मण्डलमा कमसेकम १ ग्राम समिति ग्राम सेवकलाई सल्लाह दिनेहरूको ब्लकमा एक ब्लक एडभाइजरी बोर्ड राख्ने प्रबन्ध रहनेछ। माथि उल्लेख गरि समिति तथा बोर्डमा वहुसंख्यक ग्रामवासीनै रहनेछन्। गाउँमा रहेको पञ्चायत र सहकारी संस्थाहरू र कुनै सामूहिक संस्थाहरू रहेमा राम्रो गराउने सकेसम्म कोशिस हुनेछ।

# कम्पोष्ट मल बनाउने तरिका



गाउँघरमा कम्पोष्ट मल बनाउने सम्बन्धमा त्यतिको मन गरेको देखिदैन किन भनेर अहिले (परम्परागत) देखि चलिआएको घरसँगै बाहिर आँगनमा राख्ने चलन अहिलेसम्म पनि छँदैछ। यस किसिमबाट मल राख्दा मलमा भएको यस किसिमबाट मल राख्दा मलमा भएको तत्वहरू नाश हुन्छन्। जस्तै पानी पर्दा बगेर जाने, घाम, हावाबाट सबै तत्वहरू उडेर जानुका साथै बिगार्ने भएकाले निम्न चित्रमा उल्लेख भएवमोजिम तत्वहरूको नोक्सानी हुँदैन केही महिना केही महिनामा मल तयार भै बालीनालीमा राख्ता राम्रो भै उत्पादनमा वृद्धि हुन्छ। काँचो मलबाट खुम्रे र रातो कमिला उत्पत्ति हुनुमा ह्रास भई विषादी प्रयोग गर्न कम हुन्छ। वातावरण राम्रो हुनको साथै विदेशबाट आयत् हुने मल कमभै कम्पोष्ट मलबाट माटोको उर्वराशक्ति निकै बढाउनेछ। यी सबै कारणबाट कम्पोष्ट मलनै उपयोगी हुन्छ। यसरी तयार गरेको मल ३-४ महिनामा खेतबारीमा राख्न साह्रै राम्रो हुन्छ। माटो पनि बुरबुराउँदो, खनजोत गर्न सजिलो हुनुकासाथै बोट बिरुवाले तुरुन्त पौष्टिक तत्व पाई बोट हल्लक बढ्नुको साथै स्वास्थभै उत्पादन बढ्नमा निकै मद्दत गर्छ। यसरी कम्पोष्ट खाडलमा तयार भएको मल गन्ध नआउनुको कारण वातावरण स्वास्थ हुनु निकै मद्दत गर्छ। कम्पोष्ट खाडल पानी पर्दा नजम्ने जग्गामा बनाउनु अति राम्रो हुनेछ।

१. खाल्डो गहिरो १०० सेमि हुनुपर्छ।
२) चौडाई १०० सेमि हुनुपर्छ।
३. लम्वाई मल हेरी खन्नु पर्छ।
४. एक खाल्डोबाट अर्को खाल्डो ४५ सेमिको फरक गर्नु पर्छ।
५. मल हालिसकेपछि कुनै वस्तुले छोपिदिनुपर्छ।

मल हाली माथिबाट प्लाष्टिक वा माटोले छोपिने व्यवस्था गर्नुपर्छ भने ३ महिनामा २ पटक एक खाल्डोबाट अर्को खाल्डोमा पल्टाईदिनु अति जरुरी हुन्छ।

१. प्लाष्टिकले छोपेको
२. मल हाल्ने तरिका

# शुद्ध बीउ उत्पादन प्रविधि

विष्णुराज ओझा



**भूमिका :**

बीउ भन्नाले वंश विस्तारको लागि भाग लिने जीवित वस्तु भन्ने बुझिन्छ। बीउले पैतृक लक्षणहरू सन्ततीहरूमा सार्ने काम गर्दछ। यस भागमा वालीनालीहरूसँग सम्बन्धित बीउहरूको चर्चा मात्र गरिनेछ। नेपाल कृषि प्रधान देश हो। यहाँका करिव ६६ प्रतिशत जनता कृषिमा आश्रित छ। कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड पनि हो। कृषिमा खासगरी अन्नवाली, नगदेवाली दलहन वालीहरूको खेती विशेष गरेर गरिन्छ। तरकारी वाली र फलफूलहरूको खेती कमै मात्रामा गरेको पाइन्छ। कूल कृषिको ग्राहस्थ उत्पादनमा अन्न वालीको अंश ३४ प्रतिशत छ। अन्नवाली जीविकोपार्जनको एक मुख्य भाग भएकोछ। यसैले यस लेखमा यिनै वालीहरूसँग सम्बन्धित शुद्ध बीउ उत्पादन प्रविधिको बारेमा चर्चा गरिएको छ। अन्नवाली अन्तरर्गत मख्य गरेर धान, मकै, गहुँ, जौ, जै, फापर, कोदो, आदि वालीहरू पर्दछन्। भने नगदेवाली अन्तरर्गत उखु, सुर्ती, तेलहन, वाली सनपाट, आलु आदि पर्दछन। यस्तै दलहन वालीमा चना, केराउ, बोडी, मुङ्ग, मुसुरो, रहर, भटमास, मास आदि पर्दछन। नेपाली किसानहरूको आर्थिकस्तर त्यति राम्रो छैन। वर्षेनी शुद्ध बीउ किन्न उनीहरू सक्दैनन्। फेरी अर्को कुरा के छ भने यदि आर्थिक अवस्था राम्रो भएपनि वालीनाली लगाउने समयमा शुद्ध बीउ नपाउन पनि सक्छन्। त्यसैले हाम्रो देशको किसानहरूले वाली काटेपछि त्यसको केही भाग बीउको लागि संचित गरेर राख्ने गर्दछन्। यसर्थ किसानहरूलाई शुद्ध बीउ उत्पादन प्रविधि सम्बन्धी केही ज्ञानहरू दिन सकेमा वालीनालीको

*अन्नवाली जीविकोपार्जनको एक मुख्य भाग भएकोछ। यसैले यस लेखमा यिनै वालीहरूसँग सम्बन्धित शुद्ध बीउ उत्पादन प्रविधिको बारेमा चर्चा गरिएको छ। अन्नवाली अन्तरर्गत मख्य गरेर धान, मकै, गहुँ, जौ, जै, फापर, कोदो, आदि वालीहरू पर्दछन् । भने नगदेवाली अन्तरर्गत उखु, सुर्ती, तेलहन, वाली सनपाट, आलु आदि पर्दछन। यस्तै दलहन वालीमा चना, केराउ, बोडी, मुङ्ग, मुसुरो, रहर, भटमास, मास आदि पर्दछन ।*

राम्रो उत्पादन गर्न सकिन्छ भन्ने विषय वस्तुलाई मध्यनजर गर्दै बीउ उत्पादन सम्बन्ध साधरण सिद्धान्तहरू गुणस्तरीय बीउका प्रकारहरू र यस्तै शुद्ध बीउ उत्पादनको लागि आवश्यक पर्ने महत्वपूर्ण व्यवस्थित पक्षहरूका बारेमा तल उल्लेख गरिएको छ।

**१. बीउ उत्पादनका सिद्धान्तहरू :**

शुद्ध बीउ भन्नाले उन्नत प्रविधि अपनाएर उत्पादनका साथै एकै किसिमको बीउ भन्ने बुझिन्छ। शुद्ध बीउ जनिक तवरले साथै भौतिक र यान्त्रिक तवर एकनासको हुन्छ। यस शुद्ध बीउमा कुनै किसिमको मिसावट हुनुहुँदैन शुद्ध बीउ उत्पादन गर्नका लागि धेरै प्रविधि सीपहरूको साथमा तुलनात्मक रुपमा अधिक आर्थिक लगायतको जरुरत पर्दछ। यसका साथै शुद्ध बीउ उत्पादन गर्दा मिसावट हुन सक्ने संम्भावित कारकतत्वहरुबाट जोगिन सक्नु पर्दछ। पुर्ण व्यवस्थित अवस्थामा शुद्ध बीउ उत्पादन गर्दा शुद्ध बीउको साथ-साथै गुणस्तरीय बीउ समेत उत्पादन हुन्छ यसैले निम्न लिखित दुई सिद्धान्तहरू अपनाएमा शुद्ध बीउ उत्पादन गर्न सकिन्छ। यी सिद्धान्तहरू हुन्।

क) जननिक सिद्धान्त
ख) एग्रोनोमिक सिद्धान्त
क) जननिक सिद्धान्त

यस सिद्धान्त अनुसार शुद्ध बीउ उत्पादन गर्दा बीउ जननिक तवरले एकनासको हुनुपर्छ। जनजनिक तवरले शुद्ध नभएको बीउ अशुद्ध बीउ मानिन्छ। यस सिद्धान्त अनुसार निम्न लिखित तत्वहरूको प्रभावले वा असरले गर्दा बीउ जननिक तवरले अशुद्ध भएको मानिन्छ। यी तवरले बीउमा जननिक तवरको गिरावत ल्याउँछन्। यस कदमले १९४२ बीउहरूको जननिक संरचनामा क्रमिक रुपले क्षय हुँदै जानुमा तल उल्लेखित तत्वहरू महत्वपूर्ण तवरले उत्तरदायी भएको ठानेका छन्। ती हुन्

अ) क्रमिक विकासमा फरकपन
आ) यान्त्रिक मिश्रण
इ) म्युटेशन
ई) प्राकृतिक परसेचन
ए) सुक्ष्म जननिक फरकपन
ऐ) रोगहरूको विशेष प्रभाव
ओ) वाली प्रजनन्को सीप

यसैले शुद्ध बीउ उत्पादन गर्दा माथि उल्लेखित वस्तुहरूमा राम्रोसँग ध्यान पुऱ्याउनु पर्दछ। तब मात्र शुद्ध बीउ उत्पादन गर्न सकिन्छ। अन्यथा भएमा बीउ जननिक तवरले अशुद्ध बीउ उत्पादन गर्न कठिन भएको महसुस गर्छन। तर पनि उनीहरूमा होशियारीपन त भइनै रहन्छ। किसानहरूलाई समय समयमा प्रविधि तालिम दिइरहने, समय समयमा विचार गोष्ठीमा भाग लिन लगाउने र प्रशिक्षण गराउने हो भने जननिक तवरले शुद्ध उत्पादन गर्नमा पनि उनीहरू पछि पर्दैन किनकी अहिलेको किसानहरू शिक्षित पनि छन्।

| वालीको, नाम | बीउको धान प्रकार | प्रमाणित बीउ पृथकीकरण दुरी (मि)३ |
|---|---|---|
| | मूल बीउ | ३ |
| गहुँ | प्रमाणित बीउ | ३ |
| | मूल बीउ | ३ |
| जौ | प्रमाणित बीउ | ३ |
| | मूल बीउ | ३ |
| कोदो | प्रमाणित बीउ | ३ |
| | मूल बीउ | ३ |
| मकै | प्रमाणित बीउ | २०० |
| | मूल बीउ | ४०० |



# कर्मचारीको कार्यशैलीप्रति कृषिमन्त्री खनाल असन्तुष्ट





काठमाडौं नेपाल सरकार कृषि विकास तथा पशुपन्छि विकास मन्त्रालयको आयोजना तथा विकास सहायता मानव महाशाखा अनुगमन शाखाले आगामी २०७५/०७६ को तृतीय चौमासिक तथा वार्षिक अवधिको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय कृषिको समस्या समाधान समितिको बैठकको कृषि मन्त्री चक्रपाणी खनालको प्रमुख अतिथ्यमा सम्पन्न भएकोछ। उक्त बैठकमा कृषि सचिव प्रकाश माथेमाले केही आयोजनाको प्रगति न्यून् भएपनि सन्तोषजक रहेको बताउनु भयो। माथेमाले प्रदेश सरकारसँग समन्वय गर्नुपर्ने भएको छ। क्वान्रेन्टाइन संघीय सरकारको महत्वपूर्ण अंग बनेको छ। माछा व्यवसायको लागि थप विद्युत महशुल सहायता र कामदार, कर्मचारीको सेवा सुविधाहरूको विषयमा सहयोग पुऱ्याउनु पर्ने बताएकोछ।

त्यसैगरी कृषि सचिव युवकध्वज जिसीले सीमित स्रोत साधान र कर्मचारीको व्यवस्थापनकै काममा वर्षदिन बिताउनु परेकोले भने जति काम गर्न नसकेको बताउनु भयो। केही वजेटहरु केही परियोजनाको लागि राख्नु परेकोले वजेट सीमित हुनपुग्यो। त उत्पादन अङ्क पहिलाको हिसाबले बढेको छ। खाने मुखलाई नमूनामा तालमेल नमिल्दा समस्या आएको हो। पूर्ण शक्ति लगाएर काम गर्नु पर्ने अवस्थाको आएको छ। यो वर्षमा बजेट प्रदेशमा गएको छ। सिँचाई, ऋण उद्योगमा ल्याउनु पर्छ। धानको लागि चाहिने ७० लाख मेट्रिकटन अन्य निकायको पनि लिनुपर्छ। क्वारेन्टाइन घोषित रुपमा आएको कार्यक्रम हो।

माछा व्यवसायीहरूलाई विद्युत र कृषि कर्जाको समस्या छ। अनुदान समयमा पुग्न सकेन

*भारतसँग हामीले सहमति गरेका छौं। उहाँको टिमसँग हाम्रो दुइरदुइ पटक कुराकानी भयो। यो अनुसार लैजानु भन्नुभयो। हामीले ऐनमा संशोधन गर्न केही बुँदा पनि पठायौं। त्यो संशोधन फेरी पनि गर्नुपर्छ भनेपछि लगिएन्। केही गोदामको कुरा हामीले गऱ्यौ। केही गोदामहरू निर्माण गरेनौं भने मलको समस्या हल गर्न सक्दैनौं भन्यौं। गतसाल हामीले सजिलै मलको समस्या हल गरेका थियौं।*

भने कि आत्मनिर्भरता कसरी हुन्छ। खाने समेत पुऱ्याउन सक्दैनौं। यो अवस्थामा कृषि अनुदान किसानको पहुँचमा पुग्न जरुरी छ। त्यसकारण पनि किसानलाई ५ तहको वर्गीकरण गर्नु पर्छ। अनुदानको उपलब्धिलाई व्यवस्थित गर्न जरुरी छ। सुरक्षा भत्ता जोगाउनु पर्छ। नेपाली कृषि क्षेत्रमा रुपान्तरण गर्न गरुरी छ। कृषि वजेटमा कमी हुँदा पनि कृषिमा केही सुधार भएको थियो भने समस्याको समाधान हिजोभन्दा सुधार भएकोछ। राष्ट्रिय किसान आयोगका अध्यक्ष चित्रबहादुर श्रेष्ठले बैठक उपलब्धि भएको बताइएको छ। त्यसैगरी योजना आयोगका सदस्य दिलबहादुर गुरुङले योजना आयोगमा गेम चेञ्चरको त्यति सजिलो छैन। गेम चेञ्ज गर्ने हामी त्यी कार्यमा छौं। सुरक्षा निकायले ओगटेको जग्गा के भईरहेको छ भनेर विवरण लिन बाँकी छ। लेवोरेटरी इन्सेन्टिभ भएको छ। कृषि क्षेत्रमा काम गर्नेहरूलाई दिनुपर्छ। अनुसन्धानलाई बलियो नबनाइएको अनुसन्धान नीतिको लागि महत्वपूर्ण योगदान हुन्छ। बीउ उत्पादन प्रणाली किन नबढाउने, कृषि विज्ञान हो भनेर बुझाउन सकेको छैन। वर्षा हुँदैमा उत्पादन बढ्नेछ भन्ने छैन। कहाँ-कहाँ असफल भयो समीक्षा गरी सुधार गर्नुपर्छ।

त्यसैगरी कृषि राज्यमन्त्री रामकुमारी चौधरीले मन्त्रालयमा विकृति देखिएको छ। हामी शासन गर्ने, कार्यक्रम बनाउने, यो मन्त्रालय किसानको मन्त्रालय हो किसानमैत्री मन्त्रालय हुनु पर्छ। कृषि विकास बैंकले के हेर्छ। बैंकको आफ्नै कार्यविधि छ। केही राम्रो केही अनुदानको कार्यविधि निर्माण गरी गर्नु वा संशोधन नयाँ निर्माण कार्यविधि नभएको कारण फ्रिज भएको अवस्था छ। कानूनी र प्राविधिक रुपमा आवश्यकता अनुसार कहाँ-कहाँ समस्या हुन्छ। नजानेको कुरो शेयर गर्ने प्रधानमन्त्री कषि आधुनिकीकरण परियोजना फिर्ता गर्नु वैदेशिक सहयोग नगरौं। कालोधनलाई वैद्य बनाउन नपाएको पैसा हो। फेरि यहीबाट लैजान्छ। गुनासोहरू डेक्स सँधै बन्द हुन्छ। बैठक पत्रकार सम्मेलन हो। आन्तरिक मिटिङ्ग सबैलाई बोलाएर ल्याउनु भएको हो कि। भोली पत्रकार पनि झुक्किन्छन् जनता कति वेवकुफ हुन छ। मेरो पत्रकारसँग छैन। विभागी प्रमुखहरू कृषि मन्त्रालयको सूचना आउट भयो ? अधिकारिक धारणा प्रवक्ता मार्फत दिने हो। सबै जना प्रवक्ता हुँदा समस्या आउँछ। १.५ ठाउँमा अनुदान पाएन भने गाली त गर्छन। दमन गर्ने कुरा होइन। सही ठाउँमा अनुदान पुगेको छ त ? ७८ प्रतिशत छ। वहुवर्षे योजनामा छन्। ११ महिना चुपलागेर बस्छन्। १ महिना काम गरेर हुँदैन। जुन कार्य गर्छौं। त्यसबाट अपजस नआउन् अनुगमन गर्नुछ। कर्मचारीको कार्यशैलीप्रति कृषि मन्त्री चक्रपाणि खनाल असन्तुष्ट भएका छन। आफूले अघि सारेका योजना तथा कार्यक्रम केही कर्मचारीको बदमासी र कार्यशैलीका कारण पूरा हुन नसकेको भन्दै आक्रोस व्यक्त गरेका छन।

अन्य कुनै वस्तु अडकिएर प्वाल बन्द हुन सक्ने भएकाले बीच-बीचमा जाँची राख्नु पर्दछ ।
* जिरो टिलेज सीड ड्रिलबाट गहुँ लगाउँदा ५ देखि ७ सेमी भन्दा बढी गहिराईमा बीउ जाने किसिमले मेशिनलाई समायोजित गर्नु पर्दछ ।
जिरो टिलेज सीड ड्रिलबाट गहुँ र मल छर्नु भन्दा अगावै प्रति इकाई जग्गामा के कति बीउ र मल छर्ने हो त्यसको हिसाब गरेर मेशिनमा राख्नु पर्छ र मेशिनको प्वालहरूलाई सोही अनुसार मिलाउनु पर्दछ ।
* मल राख्ने बाकसमा डी.ए.पी मल मात्र हाल्नु पर्दछ । युरिया मिसाउन हुँदैन नत्र मल पग्लिएर ड्रिलबाट राम्ररी खस्दैन । युरिया र पोटास मल गहुँ लगाएको १० देखि २० दिनपछि मात्र छर्नु पर्छ ।
* जिरो टिलेज सीड ड्रिलबाट गहुँ लगाउँदा जहिले पनि मेशिनमा सुख्खा बीउ प्रयोग गर्नु पर्दछ ।
* जिरो टिलेज सीड ड्रिलबाट गहुँ लगाउँदा हिलोले पनि पाटा लगाउनु हुँदैन र फालीले बनाएको चिराहरूमा गहुँको बीउ देखिएपनि डर मान्नु हुँदैन । नछोपिए पनि सबै बीउ उम्रिन्छन् । जिरो टिलेज मेशिन वास्तविक रुपमा एउटा मल ड्रिल हो । जसमा जोत्ने फालीको ०१६७ चक्कु जस्तो फाली हुन्छ जसले गर्दा नजोतिकन नै चिरा लगाएर बीउ र मल छर्न सकिन्छ मेशिनमा सबैभन्दा माथि दुईवटा बीउ र मल राख्ने छुट्टा-छुट्टै बाकसहरू हुन्छ र प्रत्येकमा ११ वटा प्वालहरू दिइएका हुन्छन् । जसलाई पारदर्शी प्लाष्टिकका पाइपहरूबाट प्रत्येक फालीसँग जोडिएको हुन्छ । जिरो टिलेज प्रविधिबाट हुने प्रत्येक्ष अप्रत्यक्ष फाइदाहरू
* जिरो सीड ड्रिलबाट गहुँ लगाउँदा उपयुक्त समयमा गहुँ लगाई बढी उत्पादन लिन सकिन्छ । जिरो टिलेज एउटा कम लागत लाग्ने प्रविधि भएको हुँदा गहुँ खेतीको लागि जग्गा तयारी गर्दा लाग्ने उर्जा र इन्धन आदिको कम खर्च हुन्छ । लगभग एक हेक्टरमा २ हजार २ सय रुपैयाँसम्म बचत हुन्छ ।
* जोतेर गहुँ खेती गरेको भन्दा जिरो टिलेज गहुँमा कम पानी लाग्छ । विभिन्न अध्ययन अनुसन्धानको नतिजा अनुसार लगभग ३० प्रतिशत पानी र यसमा लाग्ने खर्चको वचत हुन्छ ।
* जोतेर लगाएको गहुँमा सिंचाई गर्दा बढी पानीको अवशेषण हुन्छ जसले गर्दा गहुँ पहेँलिएर वाली विग्रने डर हुँदैन ।
* खनजोत गरी गहुँमा खेती गर्दा रगते तथा अन्या झारहरूको प्रकोप बढी हुन्छ तर जिरो टिलेज गहुँमा यस्तो झारहरूको प्रकोप कम हुन्छ
* जिरो टिलेज गहुँमा मल र बीउ सँग-सँगै लाइनमा हालिएको हुँदा यसको उपयोग क्षमता बढी हुन्छ ।
* जिरो टिलेज गहुँ खेती गर्दै जाँदा माटोको भौतिक अवस्थामा सुधार आउँछ ।
* चिम्ट्याइलो माटो भएको खाली जमिनमा खनजोत गरी गहुँ खेती गर्न साह्रै नै कठिन र महँगो हुने तर जिरो टिलेज प्रविधिबाट गहुँ लगाउन सजिलो र कम खर्चिलो हुन्छ ।
जिरो टिल ड्रिल मेशिनलाई व्यवस्थि गर्ने तरिका
* मेशिनका फालीहरू २० से.मीको फरकमा लगाईका हुन्छन् । जसलाई २ सेमी यताउता आवश्यकता अनुसार सार्न सकिन्छ ।
* बीउ र मलको प्रति हेक्टर उचित मात्रा निर्धारण गर्नका लागि बीउ र मल राख्ने दुईवटै बाकसहरूमा छुट्टा-छुट्टै लिवर (स्केल र लकिङ्ग बोल्ट सहित) दिइएको हुन्छ ।
* बीउको गहिराई थोरै वा धेरै गर्नलाई दुईवटा साइड व्हील दिएका हुन्छन् । जसलाई स्कु बोल्टको सहायताले तल वा माथि गरी बीउ छर्ने गहिराई मिलाउन सकिन्छ ।
* मेशिनमा अगाडि पट्टी ड्राइभिङ्ग व्हील दिइएका हुन्छ जसलाई घुमाउँदा पूरा ट्रान्समिशन युनिट घुम्दछ र मेशिनले काम गर्न थाल्दछ ।
* ड्राइभिङ्ग व्हीलको माथि पट्टी स्विच प्वाइन्ट हुन्छ । जसको सहायताले मेशिनलाई ट्रयाक्टर सित जोड्न सकिन्छ ।
हाम्रो देशमा यो प्रविधि अहिले ट्रयाक्टर राख्ने ठूला तथा मध्यमस्तरीय कृषकहरूलाई बढी उपयोगी हुने देखिन्छ । तर भाडामा ट्रेक्टरबाट खेत जोताउने चलन हालका वर्षहरूमा बढ्दै गएको परिप्रेक्ष्यमा अन्य कृषकहरू पनि लाभान्वित हुन सक्ने पर्याप्त सम्भावना छ । तर ट्रयाक्टर राख्ने कृषकहरूलाई विना खनजोत गहुँ छर्ने सीड ड्रिल उपलब्ध गराउनु पर्ने पहिलो आवश्यकता छ । रिले क्रपिङ्ग भन्दा अलि खर्चिलो भएपनि जोतेर लगाइएको गहुँभन्दा यसबाट हुने फाइदा बढी छ । यसरी लगाइएको गहुँमा मलदानको अधिकतम् उपयोग हन्छ र जोताईको खर्च पूरै जोगिन्छ । सिँचाई गर्दा पनि कम पानी लाग्ने र गहुँ नढल्ने हुन्छ ।

# गमलामा फलफूल बिरुवा खेती गर्ने प्रविधि

गमलमा विभिन्न जाता फलफूल बिरुवा खेती कसरी गर्ने यो सम्बन्धमा केही जानारी गराइन्छ । हुन त कुनै नर्सरीले गमलामा मुनतलाई खेती गर्दै आएो छ। जहा बिरुविरुवा र फूल छन् त्यहा वातावरण नै खेलराखेको छ । भने बगैचामा बिरुवा लगाइरखकोको देखनासाथ मन शानन्त हुनका साथै वातवाण पनि स्वास्थ देखिन छ। । जस्तै जापानीज अरुवखडा (जापानीयज उमेवोसी) पूल फूल्दा ८-१० मिटरसम्म पनि बास्ना आइरहने र फल पनि फल्दछ, जापानमा यो फललाक्ष्य सिङ्गै अचारको रुपमा प्रयोग गरिन्छ । नेपालमा कागतीका सिङ्गै दाना सिसीमा राखी अचार बनाएजस्तै जापानमा पनि त्यही तरिकाबाट अचार बनाई खाने चलन छ । यस्तो बिरुवालाई पनि गमलामा रोपी फूल उत्पादनन गर्न सककिन्छ । नेपाली आरु बिरुवाको हाँगाहरु पेनिसि साइजको भइसके पछि जेठको दोस्रो हप्ता देखि असारको तेस्रो प्ता सम्म प्रतयो हाागाहरु कलमी गरी एउटै बोटमा आरु , आरु वखडा फलउान सकिन छ यसरी तयार भएको बिरुवालाइ २२-३० इन्चको गमलामा रोपी फल फलाउन सकिन छ । हलुवावेद पनि विभिन्न जातको चैत्रको पहिलो र दा्े हप्ता सम्म प्रत्येक हाँगाहरुकामा कलमी गरी भाद्रदेखि हकार्तिक सम्म फल्ने बिरुवाल उत्पादन गरी गमलामा रोपी फलाउन सकिन छ। गमलामा रोपको बिरुवालाई बर्षको २ पटक पाकेको कम्पोष्ट या डिएपी मल हालनुपर्छ । एउटा गमलामा पाकेको कमपोष्ट ५०० ग्राम, डिएपी १० ग्रामका दरले राखी गोडमेल गर्नु पर्छ । बिरुवालको उमेर अनुसार मल बढाउदैन लानु पर्छ । डिएपी मल हाल्दा बिरुवाको फेदबाट ४/५ इन्च फरक गरी देशी मल हाल्नु पर्छ । नजिक हालेमा जारमा परी बोट ममर्न सक्छ । यस्तै री गुलावको बिरुवालार्य पनि कलमी गरी फुलाउन सकिन छ। एउटा हाँगामा रातो राखेको छ भने अर्को हाागामा पनि कलीम गरी सेतो, पहेंलो, नलिो र कालो गुलाफ तयार गर्न सककिनछ । यसरी तयार भएको बिरुवावा गमलायमा रापी घरको छाना या बार्दलीमा राखी फूल र फल उतपादन गरी फूलले वास्ना दिन्छ । भने फलबाट प्रोटिन पाउने सकिन छ ।



भटमास प्रमाणित बीउ ३
मूल बीउ ३
बदाम प्रमाणित बीउ ३
मूल बीउ ३
केराउ प्रमाणित बीउ १०
मूल बीउ २०
बोडी, प्रमाणित बीउ १०
मूल बीउ ५०
तोरी प्रमाणित बीउ २००
मूल बीउ ४००
रायो प्रमाणित बीउ २००
मूल बीउ ४००
गोलभेडा प्रमाणित बीउ २०
मूल बीउ ५०



गाजर प्रमाणित बीउ ५००
मूल बीउ १००
काउली प्रमाणित बीउ ५००
मूल बीउ १००
रहर प्रमाणित बीउ १००
मूल बीउ २००
कुकरविट्स, प्रमाणित बीउ ४००
मूल बीउ ८००
चना प्रमाणित बीउ ४-५
मूल बीउ ४-५

**ख) एग्रोनोमिक सिद्धान्त :**
शुद्ध बीउ उत्पादन गर्दा जननिक सिद्धान्तको साथ-साथै एग्रोनोमिक सिद्धान्तलाई पनि अपनाउनु पर्दछ । असल शुद्ध बीउको संरक्षणको साथै अधिक शुद्ध बीउको उत्पादनमा एग्रोनोमिक सिद्धान्तको विशेष भूमिका रहन्छ । बीउ उत्पादन गर्दा असल बीउको छनौट कार्यदेखि लिएर बीउ भण्डारण गर्ने कार्य समेत सबै कार्यहरू यस सिद्धान्त अन्तर्गत पर्दछन् । उन्नत प्रविधिको सीप र तारिकाहरू अपनाएमा शुद्ध बीउ उत्पादन गर्न सकिने मात्र होइन कि बीउको मात्रामा समेत वृद्धि हुन्छ । यस सिद्धान्त अनुसार शुद्ध बीउ उत्पादन गर्दा निम्नलिखित बुँदाहरूमा ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । ती बुँदाहरू हुन् ।

**अ) सुहाउँदो हावापानी भएको क्षेत्रको छनौट :**
शुद्ध बीउ उत्पादन गर्दा वालीको लागि सुहाउँदो हावापानी भएको क्षेत्रको छनौट सबैभन्दा प्रमुख बुंदा हो । सुहाउँदो हावापानी क्षेत्र भन्नाले त्यस्तो क्षेत्रमा बुझनुपर्छ जसमा वालीको बीउ उत्पादनको लागि उचित तापमान, आद्रता र सूर्यको प्रकाश पाप्त हुने ठाउँ हुनुपर्छ । यस्तै वर्ष उचित किसिम हुने वा सिँचाईको व्यवस्था गर्न सकिने हुनुपर्छ । हावापानीको गति र दिशा सुहाउँदो हुनुको साथ-साथै वायु प्रदुषण हुनुहुँदैन । यस्तै वायुमण्डलमा ग्याँसहरूको मात्रा पनि उचित हुनुपर्छ । यस्तो अवस्था भएमा त्यो क्षेत्र बीउ उत्पादनको दृष्टिकोणबाट उचित ठहरिन्छ र यस्तो क्षेत्रमा शुद्ध बीउको आर्थिक उत्पादन लिन सकिन्छ ।

आ) बीउ उत्पादन गर्ने जग्गाको छनौट र पृथकता :
शुद्ध बीउ उत्पादन गर्ने जग्गाको राम्रो छनौट हुनु जरुरी छ । जग्गा सकभर समथर र मलिले हुनुपर्छ त्यो जग्गामा बोट बिरुवाका खाद्यतत्वहरूको एकनासले वितरित भएको हुनुपर्छ ताकी जग्गाको प्रत्येक भागमा उब्जाउपन एकनासको होस् । माटो दोमट हुनुको साथै माटोको पि.एच (Soil PH) उचित हुनुपर्छ । माटोको भौतिक र रासायनिक गुणहरू असल हुनुको साथै माटोको जैविक गुणहरू पनि राम्रो हुनुपर्छ । उक्त जग्गामा सिँचाई गर्ने र निकास गर्ने सुविधा पनि हुनुपर्छ ताकी बोटविरुवाहरूलाई आवश्यक परेमा पानी पट्याउन र बढी भएमा बाहिर निकास गर्न सजिलैसँग सकियोस् । यसैगरी शुद्ध बीउ उत्पादन गर्दा जग्गाको पृथकीकरण हुनु जरुरी हुन्छ । यो गर्नुका मुख्य उद्देश्य वाह्य जग्गामा लगाएका वालीनालीबाट परसेचन वाह्य जग्गामा लगाएको वालीबाट बीउ उत्पादनको लागि लगाइएको वालीहरूमा भयो भने अशुद्ध बीउको उत्पादन हुन्छ यसैले यस सिद्धान्त अनुसार पृथकीकरणको दुरीद्वारा र समयद्वारा गरी दुई किसिमले गर्न सकिन्छ ।

**दुरीद्वारा :**
एउटै वालीका दुई भिन्न जातहरू जसमा परसेचन सम्भव हुन्छ त्यस्तो वाली लगाउँदा एक जात र अर्को जातको बीउ उत्पादन गर्ने क्षेत्रहरूको बीचका दुरी निश्चित र व्यवस्थित हुनुपर्छ । निश्चित दुरीको फासलामा त्यस्तो जातहरू लगाउँदा परसेचन हुँदैन जसले गर्दा शुद्ध बीउ उत्पादन गर्न सकिन्छ । शुद्ध बीउ उत्पादन गर्दा निम्न लिखित वालीहरूका सम्बन्धित बीउका प्रकारहरूको भिन्न-भिन्न जातहरू लगाउँदा कम्तीमा निम्नलिखित पृथकीकरण दुरी (Osolation distance) राख्नु पर्दछ ।
समयद्वारा यस्तै एउटै वालीका दुई भिन्न जातहरू जसमा परसेचन हुने सम्भावना हुन्छ त्यस्ता जातहरू लगाउँदा ती वालीहरुको फूल फुल्ने समय र परागकण निस्कने समय अनि स्त्रीकेशर वयस्क हुने समयमा पृथकता ल्याउनु पर्छ । अर्थात ती वालीका जातहरू एकै ठाउँमा रोपे पनि फूल फुल्ने समय, परागकण निस्कने समय र स्त्रीकेशर वयस्क हुने समय फरक-फरक भएमा परसेचन हुन पाउँदैन र शुद्ध बीउको उत्पादन गर्न सकिन्छ । यो पनि एक प्रकारको सरल उपाय हुन सक्छ । तर किसानहरूलाई कुन वाली कुन-कुन जातहरू बीउ लगाएको कति समयपछि फूल फुल्छन् भन्ने ज्ञान हुनु जरुरी हुन्छ । यसलाई निम्न चित्रबाट प्रष्ट पार्न सकिन्छ ।।
जात १ फल्ने समय
जात २ बीउ रोप्ने समय
फूल्ने समय रोप्ने समय, फूल फुल्ने समय एउटै किसिमको छ ।
फरक-फरक छ ।
अधिकतम (रु), झारपात बीउ अधिकतम (रु), अन्य वस्तु (रु),
वाली बीउ अंकुरण शक्ति न्यनतम (रु), चिस्यान अधिकतम (रु),
वालीहरूको नाम शुद्धता न्यनतम (रु)
मकै ९८ ०.२ २ १२ ९०
धन ९८ ०.१ ०.१ २ १३ ८०
गहु" ९८ ०.१ ०.१ २ १२ ८५
जौ ९८ ०.१ ०.१ २ १२ ८५
चना ९८ ०.९ ५ २ ९ ८५
रहर ९८ ०.२ ०.२ २ १०
७५
तोरी ९७ ०.५ ०.५ ३ ८ ८५

भटमास ९७,०.१ ०.१ ३ १२ ७०
गोलभेंडा ९८,०.१ २ ८
७०
काउली ९८ ०.२०.२ २ ७ ६५
रायो ९७, ०.५,०.५ ३ ८
८५

इ) वालीको जात र बीउको छनौंट

शुद्ध बीउ उत्पादन गर्ने वालीको जात राम्रोसँग पहिचान भएको हुनुपर्छ। त्यस जातमा उही वालीको अन्य जातहरूको मिसावट भएको हुनु हुँदैन। यस्तै बीउ स्वास्थ र पुष्ट हुनुपर्छ। अंकुरण शक्ति राम्रो अनि जीवित हुनुपर्छ। प्रमाणित बीउ वा मूल बीउ के हो भन्ने कुरा पहिले नै थाहा पाउनु पर्छ। आवश्यक परेमा बीउको उपचार पनि गर्नुपर्छ। ताकी त्यस बीउ रोपेपछि राम्रोसँग उम्रन सकोस्।

ई) जग्गाको तयारी र बीउ रोपाई शुद्ध बीउ उत्पादन गर्ने जग्गा बीउ छर्नु अघि राम्रोसँग तयारी गर्नुपर्छ जोत्ने काम, झारपातहरु फाल्ने काम, आवश्यक खाद्यतत्वहरू मिसाउने काम, समथर सतह बनाउने काम, माटो, फुरफुराउँदो एवं बुरवुराउँदो बनाउने जस्ता अति आवश्यक कामहरू उचित तवरले गर्नुपर्छ आवश्यक परेमा माटोको चिस्यान समेतमा ध्यान पुऱ्याउनु पर्छ ताकी बीउ सजिलोसँग सप्रन सकोस् जग्गाको राम्रो तयारी भईसकेपछि उपयुक्त समयमा सम्बन्धित बालीहरूको बीउ छर्नु वा रोप्नु पर्दछ। बीउ रोप्ने समय तलमाथि परेमा बीउ उत्पादनमा कमी आउँछ। यस्तै शुद्ध बीउ उत्पादनमा समेत असर पर्छ। बीउ रोप्दा बीउदर थाहा हुनुपर्छ। सिफारिस बीउ दरको हिसावले बीउ छर्नु पर्दछ। यस्तै बीउ छर्ने तरिका र बीउ कति तलसम्म रोप्ने भन्ने विषयको समेत राम्रोसँग ज्ञान हुन जरुरी छ। यी सबै विषय वस्तुहरूमा राम्रो ज्ञान भएमा असल एवं शुद्ध बीउको उत्पादन सजिलैंसँग गर्न सकिन्छ। यसैले किसानहरूको लागि यस्ता ज्ञानहरू समय समयमा तालिम मार्फत र गोष्ठी मार्फत दिईरहनु पर्छ।

उ) वाली संरक्षण

वालीनालीहरूलाई मुख्य गरेर झारपातका, कीराहरूले र रोगहरूले बढी असर पार्दछन्। यी सबै चिजहरूबाट बालीनालीलाई बचाउनु पर्छ। अन्यथा भएमा शुद्ध बीउको उत्पादनमा ठुलो असर पर्छ। यसैले वाली संरक्षणका बिभिन्न उपायहरू ठीक-ठीक समयमा अपनाउनु पर्दछ। रोगनाशक विषादी, कीरानाशक विषादी र झारपात नाशक विषादी उचित ढंगले प्रयोग गरेमा शुद्ध बीउको उत्पादन लिन सकिन्छ।

ए) गोडमेल कार्य एवं (Roguing)

समय समयमा हल्का तवरले गोडमेल गरेमा माटोमा भौतिक रासायनिक रुपमा परिवर्तन आउँछ। जसले गर्दा बोटबिरुवा बढ्न अथवा हुर्कनमा मद्दत पुग्छ। यस्तै झारपातको पनि नियन्त्रण हुने हुन्छ र बोटबिरुवाहरूलाई प्रसश्त खाद्य तत्वहरू, सुर्यको प्रकाश, ठाउँ र चिस्यान मिल्दछ। आवश्यक परेमा एउटा वालीलाई दुईपटक सम्म गोडमेल गर्न सकिन्छ यस्तै शुद्ध बीउ उत्पादन गर्दा रोगिङ्ग कार्य अति आवश्यक हुन्छ। रोगिङ्ग भन्नाले सम्बन्धित जातको बोटविरुवा बाहेक अन्य जातहरूका वालीहरूका बोटबिरुवाहरू फूल फुल्नु भन्दा अगावै त्यस ठाउँबाट उखेल्नु भन्ने बुझिन्छ। यो कार्य शुद्ध बीउ उत्पादनका लागि सबैभन्दा प्रमुख मानिन्छ।

ए) सिँचाई एवं निकास

माटोको चिस्यान हेरी आवश्यक परेमा सिँचाई पनि दिनुपर्छ। सिँचाई गर्दा बोटबिरुवालाई हानी पुऱ्याउने किसिमले गर्नु हुन्न। कुन वालीमा कुन समयमा सिँचाई गर्दा सबैभन्दा राम्रो प्रभाव पर्छ भन्ने कुरा जान्नु श्रेयकर हुन्छ। यस्तै पानी बढी भएमा बोटबिरुवालाई क्षति पुऱ्याउने हुँदा निकासको प्रबन्ध पनि हुनुपर्दछ। कुनै वालीलाई १-२ पटक र कुनै-कुनै वालीहरूलाई ४-६ पटक सम्म पनि सिँचाई दिनु पर्दछ।

ऐ) वाली कटाई र छँटाई

वाली राम्रोसँग पाकेपछि उपयुक्त तवरले काट्नुपर्छ। र सफा ठाउँमा लगेर झाट्नु पर्छ सकभर सिमेन्ट गरिएको भुईमा लगेर झाँट्दा सफा बीउको साथै शुद्ध पाउन सकिन्छ। कुनै पनि वस्तुको मिश्रण हुनदिनु हुन्न किनकी झाँट्ने वा चुट्ने भुईमा मिसावट हुने सम्भावना भएको हुँदा बीउ झाट्नु वा पहिले उक्त भई सकेसम्म सफा पार्नु अति आवश्यक देखिन्छ।

ओ) बीउको सफाई सुकाई ग्रेडिङ्ग र भण्डारण थ्रेसिङ्ग फ्लोरबाट बीउ लिइसकेपछि राम्रोसँग सफा गर्नुपर्छ। बीउ सफा गरेपछि राम्रोसँग सुकाउनु पर्दछ। सुकाउने काम घाममा वा हावा लगाएर गर्न सकिन्छ। बीउमा ठीक मात्रामा चिस्यान रहने गरी सुकाउनु पर्दछ। जस्तै धानको अधिकतम् १३ प्रतिशत मकै र गहुँको अधिकतम् १२ प्रतिशत यस्तै रहरको बीउमा १० प्रतिशत र काउलीको बीउमा ७ प्रतिशत चिस्यान भएमा राम्रो मानिन्छ बीउलाई आवश्यक परेमा आकार प्रकारको आधारमा ग्रेडिङ्ग पनि गर्नुपर्छ। यसरी ग्रेड निर्धारण गरेपछि। बीउलाई सुरक्षित ठाउँमा भण्डारण गर्नुपर्छ। यस्तो कार्यहरू पुरा गरेमा शुद्ध बीउ उत्पादन भएको मानिन्छ।

३. गुणस्तरीय बीउका प्रकारहरू

त्यो बीउलाई गुणस्तरीय बीउ भनिन्छ जुन बीउ जननिक तवरले वा अन्य तवरले शुद्ध भएको हुन्छ। जीवित हुन्छ। अत्यधिक अंकुरण शक्ति भएको हुन्छ। उचित मात्रामा चिस्यान रहेको हुन्छ। स्वास्थ र पुष्टकर हुन्छ। उच्चस्तरीय गुणस्तरीय बीउलाई निम्नाअुसार वर्गिकरण गरिएकोछ।

म) ब्रिडर बीउ-

यो बीउ वाली प्रजनकले पैदा गर्दछ। मुख्यतया संघ/संस्थाहरूमा जहाँ वाली प्रजनकले काम गरेका हुन्छन् त्यहाँ यस किसिमका बीउहरूलाई उत्पादन गरिन्छन्। यी बीउको शुद्धता करिब १०० प्रतिशत जति नै हुन्छ। यी बीउहरू मूल बीउ र रजिष्ट्रड बीउहरूको स्रोत हुन्।

ख) मुल बीउ- यो बीउ ब्रिडर बीउको सन्तती हो। साथै रजिष्ट्रड र प्रमाणित बीउको स्रोत पनि हो। दक्ष जनशक्तिको रेखदेखमा वा सम्बन्धित संघ/संस्थाको रेखदेखमा प्रतिस्पर्धी बीउ उत्पादकहरूले यो बीउ उत्पादन गर्दछन। यस्तो बीउमा बीउको शुद्धता राम्रो हुन्छ र ब्रिडर बीउ जति शुद्ध भने हुँदैन।

ग) रजिष्ट्रेड बीउ, यो बीउ ब्रिडर बीउ वा मूल बीउको सन्तती हो। भने प्रमाणित बीउको स्रोत हो। दक्ष जनशक्तिको रेखदेखमा प्रगतिशील किसानहरूबाट यस बीउको उत्पादन गरिन्छ। बीउको शुद्धतामा मुल बीउको भन्दा कम हुन्छ तर प्रमाणित बीउको भन्दा बढी हुन्छ। अहिले आएर यो समुहको बीउ त्यति उत्पादन गरिदैन।

घ) प्रमाणित बीउ-

यो बीउ मूल बीउ वा रजिष्ट्रड बीउको सन्तती हो। साथै उन्नत बीउको स्रोत हो। प्रमाणित बीउलाई उन्नत बीउ पनि भनिन्छ। प्रमाणित बीउमा शुद्धता अरु बीउहरूको तुलनामा कमै हुन्छ। तर आवश्यक मापदण्ड भन्दा माथि हुनु पर्दछ। यस्तो बीउहरू पनि दक्ष जनशक्तिहरूको रेखदेखमा प्रगतिशील किसानहरूबाट सम्बन्धित ठाउँमा उत्पादन गरिन्छ।

बिभिन्न वालीहरूका प्रमाणित बीउको आधारभूत मापदण्ड निम्नानुसारको हुनु पर्दछ।

गुणस्तरीय बीउका प्रकारहरु निम्न अनुसारको चार्टबाट प्रस्तुत गर्न सकिन्छ।

ब्रिडर बीउ
मूल बीउ
रजिष्ट्रड बीउ
प्रमाणित बीउ
उन्नत बीउ

४. शुद्ध बीउ उत्पादको व्यस्वस्थापन

शुद्ध बीउ उत्पादनको लागि निकै ठुलो रेखदेख र प्राविधिक एवं व्यवस्थित सीमाहरू चाहिन्छ। यसको लागि सर्वप्रथम त बीउ उत्पादनका



# जिरो टिलेज गहु खेती प्रविधि

जनमेजय त्रिपाठी



जिरो तिलेज प्रविधि भनेको केहो ?

खेतलाई प्रशस्त चिस्यान (साधारण खनजोत गर्न चाहिने चिस्यान भन्दा अलि बढी) भएको अवस्थामा जिरो टिल ड्रील (मेशीन)बाट एकै पटकमा गह"ुको बीउ र मलखाद छर्ने तरिकालाई जिरो टिलेज प्रविधि भनिन्छ।

जिरो टिलेज कसरी प्रयोग गरिन्छ ?

यस प्रविधि अन्तर्गत ट्र्याक्टर चालित जिरो टिलेज सीड ड्रिलबाट नजोतेको बाँझो खेतमा एकै पटकमा बीउ र मल माटोमा रोपिन्छ। सीड ड्रिलमा भएको सानो फालीले जमिनमा पातलो चिरा पार्दै जान्छ। त्यसको पछाडी भएको दुईवटा छुट्टा-छुट्टै पाइपबाट बीउ र मल छरिदै जान्छ। यस जिरो टिलेज सीड ड्रिलमा निश्चित दुरीमा सेट गरिएको फालीले लाइनमा माटो खोसेर चिरा मात्र लगाउँछ। जोत्ने काम भने गर्दैन। त्यसकारण यस मेशिनबाट गहुँ छर्ने तरिकालाई जिरो टिलेज भनिएको हो। यस प्रविधिबाट गहुँ लगाउँदा खेतमा प्रशस्त चिस्यान हुनु आवश्यक छ। प्रशस्त चिस्यान नभएको खण्डमा सिँचाई गरेर मात्र गहुँ लगाउन पर्दछ।

जिरो टिलेज प्रविधि किन ?

* गहुँको उत्पादन घटाउने विभिन्न कारणहरूको निराकरण गर्न
* खेतीमा लाग्ने कूल खर्चमा कटौती गर्न
* उपयुक्त समयमा गहुँ छर्न।
* उपलब्ध स्रोतहरूको संरक्षण गर्न।
* वातावरण संरक्षण गर्न।
* हिउँदमा बढी चिस्यान वा अन्य कारणले बाँझो रहने जग्गामा समेत गहुँ खेती गर्न। जिरो टिलेजको लागि आवश्यक पुर्वधारहरू

खेतवारीसम्म परेको, प्रशस्त चिस्यान, झाररहित, क्यालिब्रेशन गरेको मेशिन र तालिम प्राप्त चालक हुनु पर्छ।

जिरो टिलेज ड्रिलबाट गहुँ लगाउँदा ध्यान दिनुपर्ने कुराहरू

* जिरो टिलेज सीड ड्रिल (विना खनजोत गहुँ छर्ने मेशिन)बाट गहुँ लगाउन खेत समथर र पर्याप्त चिस्यान भएको हुनु पर्दछ। अन्यथा मेशिनबाट बीउ रोप्दा कहि कम र कहि बढी गहिराईमा बीउ पर्न गई राम्रो अंकुरण नहुन सक्छ।
* जिरो टिलेज सीड ड्रिलको बीउ र मल खस्ने प्वालहरू प्रयोगमा ल्याउन भन्दा हिलो नै राम्ररी सफा गर्नु पर्दछ। र प्रयोगमा हुँदा पनि माटो वा

धान गहुँ वाली प्राणालीमा खास गरी गहुँ वालीको लागि जग्गा तयारी गर्दा बढी खर्च लाग्ने मात्र नभई विभिन्न कारणहरूले गर्दा वाली लगाउन पनि ढिलो हुन जान्छ र जसको फलस्वरुप गहुँ वालीको वृद्धि र विकासमा विभिन्न किसिमका नकरात्मक प्रभावहरू पर्दछन्। अन्तमा गहुँको उत्पादन घट्न जान्छ।

गहुँ छर्नको लागि जति सक्यो उति बुर्बुराउँदो माटो बनाएर खेती गर्दा राम्रो उत्पादन हुन्छ भन्ने सामन्य मान्यता रहेको छ। यसो गर्दा घटीमा ५-६ पटक खेत जोत्न र पाटा लगाउन आवश्यक हुन्छ। चिम्ट्याइलो वा चिम्ट्यालो दोमट माटोमा अझ बढी जोताई गर्नु पर्ने हुन्छ तर पनि भने जस्तो बुबुराउँदो बनाउन सकिन्न यसरी जोताई गरेर गहुँ खेती गर्दा बढी पैसा खर्च हुनुको साथै समय पनि बढी लाग्छ। भनेजति उत्पादन तथा नाफा लिन सकिदैन। यस बाहेक गहुँ छर्ने बेलामा कहिले बढी चिस्यान भई ढिलो हुने त कहिले कम चिस्यान भई पानी पटाएर मात्र छर्न सक्ने अवस्था हुन्छ। यस प्रकार दुबै अवस्थामा गहुँ लगाउन ढिलो हुन जान्छ। तर खर्चमा भने कुनै कमी आउँदैन। कतिपय अवस्थामा त जग्गा बाँझो नै रहन जान्छ जसले गर्दा कृषकहरूको आफ्नो खेतवारीको उत्पादन र उत्पादकत्वमा कमी हुनुको साथै देशकै कुल खाद्यान्न उत्पादनमा समेत ठुलो ह्रास हुन जान्छ।

*चम्ट्याइलो वा चिम्ट्यालो दोमट माटोमा अझ बढी जोताई गर्नु पर्ने हुन्छ तर पनि भने जस्तो बुबुराउँदो बनाउन सकिन्न यसरी जोताई गरेर गहुँ खेती गर्दा बढी पैसा खर्च हुनुको साथै समय पनि बढी लाग्छ। भनेजति उत्पादन तथा नाफा लिन सकिदैन। यस बाहेक गहुँ छर्ने बेलामा कहिले बढी चिस्यान भई ढिलो हुने त कहिले कम चिस्यान भई पानी पटाएर मात्र छर्न सक्ने अवस्था हुन्छ।*

यस बाहेक गहुँ खेतीमा प्रयोग हुने सामग्री र इन्धन आदि पनि महुँगो हुने हुनाले खेतीमा लाग्ने कुल लागत बढेर जान्छ तथा प्राप्त उत्पादनको राम्रा बजार भाउ नपाएर किसानलाई जहिले पनि मर्का परिरहेको हुन्छ। यस्तो परिस्थितिमा कम लागतमा बढी उत्पादन लिन सकिने प्रविधिहरूको विकास अपरिहार्य हुन जान्छ। यसै परिप्रेक्ष्यमा विना वा न्युनतम खनजोत गरी कम लागतमा बढी गहुँ उत्पादन गर्ने प्रविधिहरूको विकास भएको हो। जसमा गहुँ वाली लगाउन सकेसम्म कम खनजोत गरी लागत घटाउन र उपयुक्त सामग्रीहरूको उपयोग क्षमता बढाई उत्पादन बढाउने सिद्धान्तमा आधारित छ।

# मौलिक अधिकार हो राज्यको नीति

**खाद्य अधिकार के हो ?**

खाद्य अधिकार मानवको नैसर्गिक अधिकार हो खाद्य उपर जनताको पहुँच, अधिकार र नियन्त्रण बुझाउँछ भोकमरीबाट बाँच्न पाउनु व्यक्तिको मौलिक अधिकार हो राज्यको नीति, नियम तथा कानुनहरु प्रत्येक नागरिकको खानाको सुनिस्चता




गर्न केन्द्रित हुनु पर्छ राज्यले प्रत्येक व्यक्तिको लागि खाद्यान्न उत्पादन गरेर वा खरिद गरेर खान सक्ने स्थिति पैदा गराउनु पर्दछ

**खाद्य सम्प्रभुता :**

खाद्य सम्प्रभुता जनता, समुदाय र राज्यको भूमि तथा खाद्य नीति, श्रम, मत्स्या विकास तथा कृषि सम्बन्धि नीति आफैले तया  गर्ने, नीति निर्माण गर्ने र तिनको कार्यन्यलन गर्ने अविछिन्न अधिकार हो। जुन नीति पर्यावरणीय, समाजिक आर्थिक तथा सांस्कृतिक सबै हिसावले उनीहरुको आफ्नो वस्तुगत अवस्थासँग उपयुक्त हुन्छन्। यस्तो नीतिले वास्तविक अर्थमा खाद्य अधिकार र खाद्य उत्पादनको अधिकारको प्रत्याभुति गर्दछ जसले सम्पुर्ण जनताको सुरीक्षत, पोषणयुक्त तथा सांस्कृतिक जन्य खाना र खाद्य उत्पादनका प्रविधिहरु र साधन स्रोतमा पहुच, अधिकार र नियन्त्रण हुन्छ

खाद्य अधिकार सम्बन्धि अन्तरर्राष्ट्रिय प्रावधान :

- सन् १९४८, १० डिसेम्वरमा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी
- भोकमरी र कुपोषणको संख्या ८० करोडबाट सन २०१५ सम्म आधाले अर्थात ४० करोडमा घटाउने योजना पारित
- सन् २००० को सेप्टेम्बरमा सहश्राब्दी विकास लक्ष्यको घोषणा
- हाल भोकमरी र कुपोषण प्रभावित संख्या आधाले घट्नुको सट्टा बढी लगभग १ अर्व पुगेकोछ
- नागरिक समाजले खाद्य सम्प्रभुता विकल्पको रुपमा प्रस्तुत

जिल्ला गत खाद्यान्नको अवस्था

- चार महिनामात्र खान पुग्ने जिल्लाहरु ३-बझाङ्ग, हुम्ला, मुगु
- ६ महिना भन्दा कम खान पुग्ने जिल्लाहरु ७-दार्चुला, वैतडी, बाजुरा, अछाम, कालिकोट, जुम्ला, दोलखा,
- १० महिना मात्र खान खान पुग्ने जिल्लाहरु १६-डोटी, दैलेख, डोल्पा, मुस्ताङ्ग, मनाङ, कास्की, रोल्पा, बाग्लुङ प्युठान, गूल्मी, अर्घाखाँची, रसुवा, धादिङ, मकवानपुर, रामेछाप र उदयपुर
- सामन्यतया :थोरै नपुग जिल्लाहरु १३-डडेल्धुरा, जाजरकोट, म्याग्दी, पाल्पा, तनहुँ, नवलपरासी, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रे, सर्लाही, धनुषा, ओखलढंगा र ताप्लेजुङ्ग
- खान पुग्ने जिल्लाहरु ९-सुर्खेत, बाूके, श्याङ्जा, रुपेन्देही, गोर्खा, रौतहट, महोत्तरी, संखुवासभा र इलाम
- खाद्यान्न बचत हुने जिल्लाहरु २०-कञ्चनपुर, कैलाली, वर्दिया, सल्यान, रुकुम, दाङ, पर्वत, लमजुङ, चितवन, पर्सा, वारा, सिन्धुली, सिराह, सप्तरी, सुनसरी, मोरङ्ग, झापा, पाूचथर, तेह्रथुम र धनकुटा श्रोत ९क्भाभिअतभम क्लमष्अबतयचक या ल्भउबभिकभ ब्नचष्अगतिगचभ बलम उयउगबितप्यल द्ण्ण्ठ०
- १३ प्रतिशत जनसंख्या १ देखि ३ महिना सम्म खान नपुग्ने, ३६ प्रतिशत जनसंख्या ४ देखि ६ महिना सम्म खान पुग्ने, ४० प्रतिशत जनसंख्या न्युनतम क्यालोरी उपभोग गर्ने क्षमता नभएका

खाद्य अधिकारको उल्लंधन कसरी हुन्छ ? :

- व्यक्ति वा समुदायको खाद्यान्न उत्पादन गर्ने स्रोतहरु विनास भएर
- परम्परागत रुपमा जीवकोपार्जन गर्दै आएको स्रोतमाथि अवरोध भएर
- परमपरागत पेशा व्यवसायबाट बञ्चित भएर
- कलकारखाना, उद्योग वा सरकारी संरचना निर्माणका लागि जग्गा अधिग्रहण भएर
- सरल तथा सुगम तरिकाले खाद्यवस्तु आपूर्तिको प्रबन्ध नभएर
- कमसल, विषाक्त र स्वास्थ्यमा प्रतिकुल असर पार्ने खालको खाद्यान्न बिक्री वितरण भएर
- परम्परागत वा स्थानीय विऊ विजनको विनास भएर
- प्रयाप्त खान पुग्ने किसिमको व्यवस्था गर्न कानुन, नीति नियमको अभाव भएर
- प्राकृतिक प्रकोप तथा मानव सिर्जित घटनाबाट खाद्य अधिकारको हनन् भएर

**भोकमरी र कुपोषणका कारण :**

- आयको असमान वितरण भएर, प्रयाप्त सामाजिक सुरक्षाका कार्यक्रमहरु नभएर
- कृषिमा पर्याप्त लगानी र संरक्षणको अभावले
- गरिव किसान, कृषि श्रमिक, जनजाति, आसहाय दलितहरुको सामाजिक सुरक्षाको अभाव र उनीहरुमाथि भैरहेको भेदभावले, उत्पादनका साधान स्रोतमा पहुँच र अधिकार नभएर
- सार्वजनिक वितरण प्रणालीको अभाव भएर
- स्थानीय बजारको संरक्षणको अभावले, दैनिक उपभोग्य वस्तुहरुको चरम मूल्या वृद्धि भएर
- उत्पादनको लाभकारी मूल्याको अभावले
- राजनीति प्रतिवद्धताको अभावले, राष्ट्रियस्तरमा खाद्य सुरक्षा रणनीतिको अभाव रहेकाले

खाद्य र कृषिमा जलवायु परिवर्तनको प्रभाव :

- मौसम अनिश्चितता आई किसानले मौसमको अनुमान गर्न सक्दैनन्
- खाद्यान्न उत्पादनमा कमी आई खाद्य संकट आउनेछ।
- पानीको स्रोतहरु सुक्नेछन्, वनस्पति, बोट विरुवा र जैविक विविधता नष्ट हुनेछन्।
- पशुपंक्षी, वन्यजन्तु, माछा लगायत जलचर लोप हुनेछन्।
- बाढी, खडेरी पहिरो सामुन्द्रिक तुफान, आतिवृष्टि अनावृष्टि हुन्छ।
- तातो हावाले लु कालज्वरो, दिगो, हैजा र विभिन्न खाले इन्फेक्सन फैलिन्छ।
- हिमालयबाट हिऊ पग्लीनेक्रम तिव्रतर दरले हुनेछ।
- सामुन्द्रिक सतह बढ्न गै तटीय क्षेत्रमा जमिन डुवानमा परी त्यसभेगमा बसोवास गर्ने मानिसहरु प्रभावित हुनेछन्।

**जलवायु परिवर्तन रोक्ने उपायहरु :**

- खनिज इन्धनको कम प्रयोग कमि ल्याएर, जैविक ग्याँस, प्लान्ट र जैविक इन्धनको प्रयोगमा जोड
- प्राङ्गारिक  खेति प्रणालीको विकास र विस्तार, वाली विविधिकरण वहुवाली तथा अन्तरवाली प्रणालीको अवलम्वन) कम पानी प्रयोग हुने वालीको अनुसन्धान विकास र विस्तार।



सिद्धान्तहरूको बारेमा राम्रोसँग ज्ञान हुनु जरुरी छ। तैपनि जननिक तवरले शुद्ध बीउ उत्पादनको व्यवस्थापकीय पक्षमा निम्न लिखित कुराहरू महत्वपुर्ण सुरक्षा अवधारणा मानिन्छन्।

क) बीउको स्रोतमा नियन्त्रण

बीउ कुन स्रोतबाट लिइएको हो त्यसको राम्रोसँग ज्ञान हुनुपर्छ। मिश्रित स्रोतबाट लिएको बीउबाट शुद्ध बीउ उत्पादन गर्न सकिन्न बीउका बिभिन्न स्रोतहरूको बारेमा माथि उल्लेख भएको छ।

ख) शुद्ध बीउ उत्पादन गर्दा सबैभन्दा पहिलो सो ठाउमा कुन-कुन वालीहरू लगाइएको थियो भन्ने कुरा जान्नु पर्छ। जुन वालीको बीउ उत्पादन गर्नुछ सो वाली सोही ठाउँमा पहिलेको मौसममा लगाएको हुनुहुदैन। फेरी सो ठाउँमा वाली संरक्षणका उपायहरू अपनाएका थिए वा थिएनन् भन्ने कुरा पनि राम्रोसँग बुझ्नु पर्छ। मौसमको स्थिति कस्तो थियो भन्ने बारेमा पनि थाहा हुनुपर्छ। यसैले बीउ उत्पादन गर्नु भन्दा पहिले सो जग्गाको सम्पूर्ण रेकर्ड थाहा पाउन अति उत्तम हुन्छ।

ग) पृथकीकरण

यस सम्बन्धमा सम्पूर्ण विषय वस्तुहरु माथि नै उल्लेख गरिएको छ। सो अनुसार वाली लगाउँदा वाली सुरक्षित ठहरिन्छ र शुद्ध बीउको उत्पादन हुन्छ।

घ) रोगिङ्ग जननिक तवरले शुद्ध वाली भन्दा अन्य वालीका बोटविरुवाहरूलाई फूल फुल्नु अगावै उखेल्ने प्रक्रियालाई रोगिङ्ग भनिन्छ। रोगिङ्ग गर्दा निम्न लिखित कुराहरूमा ध्यान पुऱ्याउनु आवश्यक छ।

- रोगिङ्ग दक्ष व्यक्ति वा अनुभवी व्यक्तिबाट गर्नु पर्दछ।
- रोगिङ्ग गर्दा जग्गाको कुनै एक निश्चित ठाउँबाट शुरु गर्नुपर्छ
- वेकिसिमको (offtype) विरुवा थाहा पाउनलाई पछाडि पार्नु पर्छ।
- यो कार्य फूल फुल्नु अगावै शुरु गर्नुपर्छ। र त्यी बिरुवाहरूलाई जरैदेखि उखेलेर नष्ट गर्नुपर्छ।

  रोगिङ्ग गर्दा नचाहिँदो बोटबिरुवाहरू नष्ट गरिन्छ। त्यस्तो नचाहिँदा बोट बिरुवा कुन-कुन हुन भनेर राम्रोसँग चिन्नु पर्दछ। जसमा केही पहिचानका लक्षणहरू यस प्रकारका छन्।
- चाहिएको वाली भन्दा अग्लो वा होचो बोटबिरुवा भएको

*(श्री ओझा कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरमा उप-प्राध्यपाक हुनुहुन्छ।)*

# कृषि मन्त्रीले भने (कालीमाटीमा दलाल र गुण्डाको राज्य छ



काठमाडौं १६ साउन २०७६

काठमाडौं-कृषि तथा पशुपंक्षी मन्त्री चक्रपाणि खनालले तरकारी तथा फलफूल बजार कालीमाटी दलाल तथा विचौलियाको कब्जामा रहेको गुनासो गरेका छन्। कालीमाटीलाई सरकारले पनि सुधार गर्न नसकेको बताउँदै उनले त्यसलाई बन्द गर्ने अवस्था आएको बताए। उनले भने, 'कालीमाटीमा दलाल र गुण्डाको राज्य छ। त्यसलाई बन्द गरिदिनुपर्ने अवस्था आएको छ।' त्यहाँ सरकारको समिति छ तर केही गर्न नसकेको बताउँदै मन्त्री खनालले दलाल र विचौलियाले किसानलाई प्रवेश गर्न नदिएको बताए।

झापा र मोरङमा एक रुपियाँमा कागती पाउँछ तर कालीमाटीमा एउटा कागतीको १० रुपैयाँ लिन्छन्, यदि किसानलाई त्यहाँ प्रवेश गर्न दियो भने तरकारी सस्तो हुन्छ तर विचौलियाले कब्जा जमाएको छ। अरु कसैलाई प्रवेश गर्न नदिएको उनले बताए। एउटा सिस्टम बनाई किसानको पहुँच त्यहाँसम्म पुऱ्याउनुपर्ने बताउँदै उनले दलाल र विचौलियाको दादागिरी बन्द गर्नुपर्ने बताए। कृषि मन्त्रालयमा बिहिवार आयोजित तृतीय चौमासिक तथा वार्षिक अवधिको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा मन्त्री खनालले एक दुईजनाका कारण मन्त्रालयले लिएको लक्ष्य हासिल गर्न नसकेको गुनासो गरे।

गत आर्थिक वर्षका नौवटा योजना सफल नभएको बताउँदै उनले यो चालु आर्थिक वर्षमा कृषिको कार्य प्रगतिमा विशेष जोड दिनुपर्ने बताए।

**विषादी जाँच नगर भने पनि गर्छौ, झन् धेरै गर्छौ**

चितवन : कृषि तथा पशुपन्छी विकास मन्त्री चक्रपाणी खनालले विषादी चेकजाँच सरकारले झन् धेरै कडाई गर्ने बताउनु भएको छ।

भारत भन्दा अघि बढेर ७ स्थानमा विषादी जाँच त गरेकै हो त उहाँले अगाडी भन्नुभयो तर हरेक नाकामा अनिवार्य चेक गर्नु भनेकाले मात्र वहसको विषय भएको हो। चेक जाँच त भएकै थियो।

चितवनको भरतपुरमा भएको नेपाल भेटेरीनरी एशोसियसनको वार्षिक साधारण सभाको उद्घाटन गर्दै कृषि मन्त्री खनालले जनताको स्वास्थ्यमा कृषि मन्त्रालयसँगै सरकार समेत चिन्तित बनेको स्पष्ट समेत पारेका छन्।

जनताको स्वास्थ्यमा खेलवाड गर्न दिन्नौ उहाँले भन्नुभयो, त्यसलाई निरन्तरता दिएका छौ, दिन्छौ। चेकजाँच नगर भने पनि गर्छौ। झन् धेरै गर्छौ।

यस्तै मन्त्री खनालले कृषि क्षेत्रको समग्र विकासका लागि सरकारले कृषि युवा भन्ने नयाँ कार्यक्रम अगाडि बढाएको जानकारी गराउँदै यो सफल भयो भो निरन्तर ५ वर्ष लैजाने गरि सोच्नुपर्ने बताउनु भयो।

तराईमा एकसय विघा जमिन र पहाडमा १ सय रोपनी जमिन केन्द्रित गरेर कुनै एउटा वाली वा कृषि वाली लगाउँछु भनेर युवा आउँछ भने सरकारले मल बिऊ, सिँचाई र अरु के चाहिन्छ सबै अनुदान दिने बताउनुभयो।

यसले कृषि योग्य जमिन जोटिदै आउने समेत बताउनुभयो।

कृषि र पशुपन्छीको क्षेत्रमा गर्न धेरै रहेछ। पिछडिएको र हेपिएको क्षेत्र भएपनि कृषिमा निराशा मात्र होइन आशा गर्ने ठाउँ पनि छन। तर भने जस्तो उत्पादन हुन सकेको छैन, उहाँले भन्नुभयो यो पटकदेखि कृषिमा अनुदानलाई व्यवस्थित र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई परिमार्जन गर्नेमा बढी ध्यान दिएको छु।

राज्यले कानून बनाएर मात्र हुन्न कार्यन्वयन महत्वपूर्ण विषय हो। मन्त्री खनालले अगाडि भन्नुभयो सबै कानून पूर्ण रुपमा कार्यान्वयन गर्ने हो भने केही समस्या हुन्न। नीति सहि भए व्यक्ति परिवर्तन हुँदा पछिसम्म विकासले गति लिन्छ। अहिलेसम्म कृषि र पशुपन्छी क्षेत्रको पहिचान भएको छ। अब त्यसलाई द्रुत गतीमा अगाडि बढाइन्छ।

# खाद्य ऐन नियमको प्रभावकारी कार्यान्वयन

**प्रेस विज्ञाप्ति :**
आम उपभोक्ताको स्वास्थ्य र सुविधा कायम राख्न खाद्य ऐन नियमको प्रभावकारी कार्यन्वयन गर्दै खाद्य प्रविधिको विकास तथा खाद्यमा आधारित पोषणको सुधारको लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन र खाद्य पदार्थको विश्लेषण परीक्षणको लागि विश्वसनीय प्रयोगशाला सेवा प्रदान गर्ने कार्य खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा तथा मातहतका कार्यालयहरूबाट हुँदैन आएको छ ।

विभागको संगठन संरचना विस्तार : हाल विभागमा संगठन संरचना बमोजिम काठमाडौंमा विभाग विराटनगर, जनकपुर, हेटौडा, भैरहवा, नेपालगञ्ज र धनगढी स्थिति खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरूमा झापा, इनरुवा, धनकुटा, उदयपुर, राजविराज, मलंगवा, जलेश्वर, पर्सा चितवन, काठमाडौं, धुलिखेल नुवाकोट सिन्धुली, दमौली, पोखरा, बागलुड तानसेन, तौलिहवा, दाङ, सुर्खेत, जुम्ला, डोटी, डडेल्धुरा र वैतडी स्थिति २४ डिभिजन कार्यालयहरू र काँकडभिट्टा, रानी जलेश्वर, त्रिभुवन विमानस्थल, तातोपानी, रसुवा, विरगंज, भैरहवा, कृष्णनगर, नेपालगञ्ज, धनगढी र कञ्चनपुर गरी १२ स्थानमा खाद्य आयात् निर्यात गुणस्तर प्रमाणिकरण कार्यालयहरू गरी ४३ कार्यालयहरू रहेका छन् । कूल दरवन्दीमा १०३ थप भई विभागको समग्र कार्य प्रभावकारितामा वृद्धि हुने औषधी राखिएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा मातहतका कार्यालयहरूबाट २०७५ श्रावण १ देखि २०७६ असार मसान्तसम्ममा सम्पन्न मुख्य-मुख्य कार्यहरू र सोबाट हासिल प्रगति यस प्रकार रहेको छ ।

असार मसान्तसम्म

१. खाद्य उद्योग तथा बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन

-यस अवधिमा विभाग तथा मातहतका कार्यालयहरूबाट बजार निरीक्षण अनुगमन गरी अनुसन्धनात्मक तथा ऐन नियमानुसार जिम्मा ४,८१३ नमूना सङ्कलन भएकोमा खाद्य र दाना ऐन बमोजिम संकलित १,७१७ नमूनाहरूको विश्लेषण परिक्षण प्रतिवेदन अनुसार १२७ नमूनाहरू मापदण्डको प्रतिकूल पाइएको थियो । प्रतिकूल नमूना मध्ये सबैभन्दा बढी प्रशोधित पिउने पानी



४७, तेल तथा घिउ २५, दूध तथा दुग्ध पदार्थ २३ रहेका थिए भने त्यसपछि क्रमश:

*खाद्य स्वच्छताको बारेमा आम उपभोक्ता एवं सरोकारवालाहरूलाई सचेत गर्ने उद्देश्यले Food Safety Everyone's Business' भन्ने नारा सहित ७ जुन २०१९ मा प्रथम विश्व खाद्य स्वच्छता दिवस तथा 'खाद्य पदार्थ स्वच्छता, हामी सबैको प्रतिवद्धता' भन्ने नारा सहित एघारौं राष्ट्रिय स्वच्छता दिवस विभिन्न कार्यक्रम सहित मनाइएको थियो ।*

खाद्यान्न तथा दलहन ७ फल तथा सागपात ७ दाना पदार्थ ७ बाँकी अन्य खाद्य पदार्थ रहेका थिए ।

यस अवधिमा खाद्य/दाना उद्योग, होटल रेष्टुरेन्ट राजमार्गका होटल गरी ३,५२६ पटक निरीक्षण अनुगमन गरिएको थियो ।

-विभागमा प्राप्त विभिन्न विषयको जम्मा ११ उजुरी उपर कारवाही गरिएको थियो ।

-खाद्य र दाना ऐन तथा नियम अनुसार न्यूनस्तर तथा दुषित उत्पादन तथा बिक्री वितरण गरेको कसुरमा १४८ थान मुद्दा विभिन्न जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा दायर गरिएको थियो । दायर गरिएका १४८ थान मुद्दा मध्ये सबैभन्दा बढी प्रशोधित पिउने पानीको ३९ खाद्य, तेलका २९, दानाका ६ तथा अन्या विभिन्न खाद्य पदार्थका रहेका थिए । उक्त मुद्दाहरू मध्ये ४२ मुद्दा दुषितका, ८३ मुद्दा, न्यून् गुणस्तरको तथा बाँकी लेवल लगायतका विवरण नमिलेको र निर्देशिका उलंघन गरेका थिए ।

-यस अवधिमा ५९२ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी १,५८४ उद्योग अनुज्ञापत्र नवीकरण तथा १,५०५ नयाँ उद्योग स्थापना गर्न सिफारिस गरिएको थियो ।

२. खाद्य आयत् नियमन

-खाद्य आयात् निर्यात निरीक्षण तथा गुण प्रमाणिकरण प्रणाली सम्बन्धी निर्देशिकाले व्यवस्था गरे अनुरुप आयात् गर्नु पूर्व अनिवार्य रुपमा अनुमति लिनुपर्ने भनि व्यवस्था गरिएको विभिन्न खाद्यवस्तुहरूको आयत् अनुमति लिने कार्यक्रममा आव २०७५/७६ मा कुल १८,५९७ आयत् अनुमति जारी गरिएकाको मुख्यतया मसलाजन्य पदार्थ ३,०७३ खाद्यान्न २,१११ फलफूलजन्य खाद्य पदार्थ १,३६२ लगायत खाद्य वस्तुहरूलाई अनुमति प्रदान गरिएको थियो । यसैक्रममा दूध तथा दुग्धजन्य पदार्थ ५, तेलको ४, चिनीजन्यका ६, पेय पदार्थका ६ सुपारीका १० लगायत अन्य विविध खाद्य पदार्थहरू गरी १८१ खाद्यवस्तुको अनुमति अस्वीकृत गरिएको थियो ।

-नेपालमा आयात् हुने खाद्य पदार्थहरूको गुण प्रमाणिकरणको क्रममा ४५,३४४ नमूनाहरू जाँच विश्लेषण गरिएकोमा विभिन्न खाद्यवस्तुको ६६ नमूनाहरू मापदण्ड अनुरुप पाइएन ।

३. खाद्यस्तर निर्धारण

क. स्वीकृति निर्देशिका

-दूध तथा दुग्ध पदार्थको स्वच्छता एवं गुणस्तर निर्देशिका २०७५ जारी भई कार्यन्वयनमा रहेकोछ ।



# जीवनाशक विषादी व्यवस्थापन

जीवनाशक विषादीहरूबाट विष लाग्न सक्ने खतराहरू विषालु सामाग्रीमा रहेको विषपनामा मात्र नरही विषादीसँगको सम्पर्कको स्तरमा समेत निर्भर रहन्छ । नियमित रुपमा यस्ता विषादी प्रयोग गर्ने र बिक्री कक्षमा रहने व्यक्तिहरू विषादीको सम्पर्कमा बढी आउने भएकाले तिनीहरू विषबाट प्रभावित हुन सक्ने सम्भावना बढी रहन्छ यस सन्दर्भमा जीवनाशक विषादी प्रयोग गर्ने कृषकहरू र यस्ता विषादी बिक्री गर्ने पसलहरूमा कार्यरत व्यक्तिहरूले विष लाग्दाको अवस्थामा हुने लक्षणहरू । प्रदुषण भएको स्थितिमा अपनाउनु पर्ने प्राथमिक उपचारका उपायहरू थाहा पाउनु जरुरी हुन्छ ।

विषाक्ततताको जोखिम २ कुरामा निर्भर गर्छ ।

१. विषालुपन

२. विषादीसँग सम्पर्कको स्तर

**विषजन्य लक्षणहरू र प्राथमिक उपचार :**

१ अर्गानोफस्फेट्स र कार्बामेट्स

सर्वसाधारणले सबभन्दा बढी उपयोग गर्ने जीवनाशक विषादीमा अर्गानोफस्फेट्स आउँदछन्

**उदाहरण :**

१. डाइमेथोएट २. मालाथियन ३. फेनीट्रोथियन ४. डाइक्लोरोभस् ५. पाराथियन मिथाइल ६. मोनोक्रोटोफस कार्बामेट्स:

१ कार्बारिल २. कार्बोफ्युरान ३. प्रोपक्सर

**विषलागेको लक्षणहरू :**

सबै अर्गानोफस्फेट्स र कार्वामेट्स विष लाग्दा एकै प्रकारका लक्षणहरू देखा पर्छन् ।

- कोलिनस्टेरेज दबाउन : अर्गानोफस्फेट्स र कार्वामेट्स दुवैले कोलिनस्टेरेज रोक्दछन् । जसको कारणबाट स्नायु प्रणालीमा विकास उत्पन्न हुन्छ । फलस्वरुप निम्न लक्षणहरू देखिन्छन् ।

१. टाउको दुख्ने २. चक्कर र रिंगटा लाग्ने ३. वाक-वाकी लाग्ने ४. चिसो पसिना आउने

५. झाडा पखाला लाग्ने ६. वान्ता हुने

प्राथमिक उपचार : विरामीले अर्गानोफस्फेट्स वा कार्वामेट्स विष सेवन गरेको छ वा छालाबाट प्रदुषण हुन गएको भए तल लेखिए बमोजिम प्राथमिक उपचार गर्नुपर्छ ।

- वान्ता तथा र्‍याल मुखबाट बाहिर निस्किन सजिलोको लागि विरामीको टाउकोलाई शरीर भन्दा तल हुने गरी झुकाएर राख्ने ।
- हावा राम्ररी आउन सक्ने व्यवस्था मिलाउने, स्वास लिन कम भएमा वा बन्द भएमा कृतिम स्वास प्रश्वास गराउने ।
- साबुन पानीले राम्रोसँग धुई पखाल्ने
- प्रदुषित पहिरन हटाउने
- डाक्टरका सल्लाह लिने ।

**२. अर्गानो क्लोरिन्स :**

अर्गानो क्लोरिन्स कीटनाशक विषादीहरू धेरै मुलुकहरूमा प्रचलनबाट हराउँदै गएका छन् । नेपालमा पनि इन्डोसल्फेन बाहेक सबै प्रकारका अर्गानो क्लोरिन्स विषादीमा प्रतिवन्ध लगाएको छ



**उदाहरण :**

* एल्ड्रीन * डी.डी.टी * लिन्डेन * बी.एच.सी *क्लोरडेन * हेप्टाक्लोर * डाइल्ड्रीन

विष लागेको लक्षणहरू :

१. वाक-वाकी लाग्ने, २. वान्ता हुने, ३. शरीरमा कम्पन हुने, ४. बढी गम्भीर अवस्थामा रोगी अचेतन हुने र स्वासक्रिया बन्द हुने ।

**प्राथमिक उपचार :**

- प्रदुषित कपडा हटाउने र छालालाई साबुन र चिसो पानीले धुने
- वान्ता नरोक्ने । अर्ध चेतना भएको अवस्थामा पनि विरामीको शरीर भन्दा टाउको तल हुने गरी आधा झुकाएर राख्ने ।
- दुध वा तेल पदार्थ सेवन गर्न नदिने र तत्काल डाक्टरलाई बोलाउने ।

**३. सिन्थेटिक पाइरेथ्रोइड्स :**

यी विषादीहरू अरु विषादीहरूको तुलनामा नयाँ हुन् र खासगरी फलफुल तरकारी र कपासमा बढी र व्यापक रुपमा प्रयोग गरिन्छन् । निम्नलिखित विषादीहरू यस समूहमा पर्दछन् ।

* साइपर मेथ्रिन * फेनभालेरेट * डेल्ट्रामेथ्रिन * परमेथ्रिन

**विष लागेका लक्षणहरू :**

मानिसहरू यसका लक्षण विरलै पाइन्छन् । धेरै ठुलो परिमाणमा यी विषादीहरू खाएमा निलेमा वा स्वासप्रस्वासबाट शरीरमा प्रवेश गरेमा विष लाग्दछ । यसका लक्षणहरू निम्नाअनुसार छन् ।

१. शारीरिक कम्पन, २. चेतना हराउने, ३. स्वास क्रिया बन्द हुने, ४ स्वास क्रियाबाट सेवन भएमा घाँटीमा असजिलोपना जलन हुने र स्वास फेर्न गाह्रो हुँदै जान्छ ।

५ छालामा हुने प्रदुषणबाट खासगरी मुख र हात झम-झम हुने र अचेत हुने अवस्था समेत आउन सक्छ । साधरणतया यो अवस्था केही घण्टा पछि हराएर जान्छ ।

**प्राथमिक उपचार :**

* छालामा विषादी पोखिएमा प्रदुषित कपडा हटाउने ।

* साबुन र चिसो पानीले छालालाई राम्ररी सफा गरिदिने

* विषादी सेवन गरेमा चिकित्सकको सल्लाह लिने ।

**४. धातुजन्य फस्फाइड्स :**

धेरैजसो धातुजन्य फस्फाइड, आलम्यु नियम फस्फाइड र जिङ्क फस्फाइड हुन् जसलाई धुँवाउने र मुसा नियन्त्रण गर्न प्रयोग गरिन्छ ।

**विष लागेका लक्षणहरू :**

फस्फाइड ग्याँस स्वासबाट भित्र गएमा वा ट्यावलेट सेवन गरेमा निम्न लक्षण देखिन्छन् ।

१. वाक-वाकी लाग्ने, २. वान्ता हुने, ३. पेटमा पिडा हुने, ४. करङ्गमा पिडा हुने, ५. झाडा लाग्ने, ६. छातीभित्र दुखेर आउने, ७. खोकी लाग्ने, ८.स्वास फेर्न र हिड्न गाह्रो हुने, ९. शारिरिक कम्पन हुने, र अचेत भएर जाने हुन्छ ।

**प्राथमिक उपचार :**

* यदी विरामीले ट्वाइलेट र विषादी खाएको छ भने मुखमा औला हालेर वान्ता गराउने ।

* विरामीलाई प्रदुषित ठाउँबाट टाढा खुला हावामा राख्ने ।

* विष लागेको लक्षण बढ्दै गएमा हावा आउने ठाउँ खुला राखी कृषि स्वासप्रश्वास गराउने वा उपलब्ध भएमा अक्सिजन दिने ।

* सकेसम्म छिटो विरामीलाई अस्पताल पुऱ्याउने ।

* अस्पतालमा लिएर जाँदा विषादीको भाँडो, बट्टा र पर्चा पनि सँगै लैजाने जसबाट डाक्टरलाई उपचार गर्न रोगबारे बढी जानकारी प्राप्त हुन मद्दत पुग्नेछ । माथि प्रस्तुत गरिएको जानकारीहरू तथा सुझावहरू सामान्य प्रकृतिका हुन् । विशेष प्रकारका सुझाव र विष प्रतिकारण (Antidot)को बारेमा जानकारी र सुझाव प्रत्येक विषादीको सुचकपत्र (Lables) पर्चामा दिएको हुन्छ । केही Implifiable कन्सन्ट्रेटमा घुलनशीलता र नोक्सानजनक अन्य मिश्रण पनि हुन सक्छन् । जसको बारेमा विषादीको सुचकपत्रमा उल्लेख गरिएको हुन्छ ।

धेरै जसो विषादीहरूले चाँडै नै अचेत बेहोस पार्ने भएकाले जबर्जस्ती वान्ता गराउने हुँदैन । नुनपानी पोटासपानी आदिले वान्ता गराउने पनि खतरनाक हुन्छ । विष लागेको लक्षण देखिन आएमा सर्वप्रथम विषादीको सुचकपत्रमा प्राथमिक उपचार सम्बन्धी निर्देशन भए नभएको हेर्नुपर्दछ । विष लागेको लक्षण देखा परेमा प्राथमिक उपचार सम्बन्धी जानकारी लिन जुनसुकै बेला र ठाउँमा भएपनि तुरुन्तै नेपाल विषादी सूचना केन्द्र फोन ५५३५२४१ मा फोन गरेर सोध्न सकिन्छ ।

विरामीलाई डाक्टरकहाँ वा अस्पतालमा लिएर जाँदा विषादीको भाँडो सुचकपत्र र पर्चा पनि सँगै लिएर जानु पर्दछ । जसबाट डाक्टरलाई बढी जानकारी प्राप्त भई विरामीलाई उपचार गर्न सजिलो होस् ।

***स्रोत :*** कृषि सूचना तथा सञ्चार केन्द्र

विदेशबाट फर्केका युवालाई कृषि उद्यम गर्न सहुलियत कर्जा र प्रतिफलमा आधारित ७० प्रतिशत अनुदान दिने भनियो । कृषिमा युवा विशेष कार्यक्रमअन्तर्गत कृषि उद्यम गर्न चाहने युवाले न बैंकबाट सहुलियत ऋण पाए, न त अनुदानमै सहभागी गराइयो । मुख्य कुरा त सामूहिक कृषि खेती गर्ने युवाहरूको अभिलेख सूचीसमेत तयार गरिएन ।

**८. गोदाम र भण्डारण गृह**

मल समयमै खरिद गरी भण्डार गर्न भन्दै कृषिमन्त्रीले उद्योग मन्त्रालयसँगको समन्वयमा निजी र सहकारी क्षेत्रको सहभागितामा सातै ओटा प्रदेशमा कम्तीमा २५ हजार टन क्षमताका भण्डारण गृह बनाउने योजना अघि सारे । त्यसलाई बजेट पनि छुट्याइयो । तर, समयमै खरिद प्रक्रिया अघि नबढ्दा कार्यक्रम लागु हुन सकेन ।

**९. किसान पेन्सन र परिचय पत्र वितरण**

गत वर्षको ५८ बुँदे कृषिको दीर्घकालीन योजनामा २ वर्षमा किसान परिचय पत्र वितरण गर्ने लक्ष्य लिइयो । तर, पछिल्लो एक वर्ष किसान परिचय पत्र वितरणको काम त्यति प्रभावकारी हुन सकेन । गत वर्ष नै योगदानमा आधारित किसान पेन्सन कार्यक्रम लागु गर्ने भने पनि योजना थला पर्‍यो ।

अनुदानमा आधारित कार्यक्रममा पनि वास्तविक किसानको सहभागिता नगन्य प्रायः छ । यद्यपि, कृषिमा सहभागी नहुने र नक्कली किसान बनेर पहुँचवाला व्यक्तिले कृषि अनुदानमा वर्चस्व जमाइरहेको स्वयम् कृषिमन्त्रीले नै विभिन्न कार्यक्रममा भन्दै आएका छन् । गत वर्षका यस्तै योजना र कार्यक्रम सञ्चालनमा देखिएका समस्याबाट पाठ सिक्दै चालु आवमा केही नीतिगत सुधार गर्ने पक्षमा उनी सहमत छन् ।

उनी आफूले अघि बढाएका योजना तथा कार्यक्रम सफल नभएकामा कर्मचारीप्रति विश्वस्त छैनन् । त्यसअनुरुप, कृषिसम्बन्धी अनुदान कार्यविधि बनाएर बैंकिङ्ग तथा भौचर प्रणालीमार्फत अनुदान वितरण गर्ने योजना अघि बढाइएको छ । अनुदानको अधिकतम् हिस्सा ५० प्रतिशतमा सीमित गरिएको छ । योजना तर्जुमा र बजेट विनियोजन गर्दा संरचना र आवश्यक तयारी नपुग्दा केही आयोजना अपेक्षितरुपले अघि बढाउन नसकिएको कृषि मन्त्रालयका प्रवक्ता तेजबहादुर सुवेदीले बताए । केही राजनीतिक मुद्दा र योजना सबै पूरा हुन नसक्ने उनको भनाई छ ।

# कर्णाली प्रदेशमा सबैभन्दा बढी धान

कर्णाली प्रदेशमा सबैभन्दा बढी धान रोपाइ, अन्य प्रदेशमा घट्यो ।

काठमाडौं । यो पटक सबैभन्दा बढी धान रोपाई कर्णाली प्रदेशमा भएको छ । कृषि मन्त्रालयको



तथ्यांक अनुसार यो वर्षको साउन ६ गतेसम्ममा कर्णाली प्रदेशमा ९०.१३ प्रतिशत धान रोपाइ भएको हो । गत आर्थिक वर्ष कर्णाली प्रदेशमा ७७.४४ प्रतिशत मात्र धान रोपाइ भएको थियो ।

यस्तै सुदूर पश्चिम प्रदेशमा ८६.६२ प्रतिशत धान उत्पादन भएको छ । गत वर्ष साउन ६ गतेसम्ममा सुदूर पश्चिम प्रदेशमा ९६ प्रतिशत धान रोपाइ भएको थियो । गण्डकी प्रदेशमा ७९.२८ प्रतिशत धान रोपाइ भएको छ । गत वर्ष गण्डकी प्रदेशमा ८७ प्रतिशत धान रोपाइ भएको थियो ।

यस्तै प्रदेश नम्बर ३ मा ६९.१८ प्रतिशत धान रोपाइ भएको छ । गत वर्ष सोही अवधिसम्ममा ७६.५० प्रतिशत धान रोपाइ भएको थियो ।प्रदेश नम्बर ५ मा ६३.४८ प्रतिशत धान रोपाइ भएको छ । गत वर्ष साउन ६ गतेसम्ममा ७९.८६ प्रतिशत धान रोपाई भएको थियो । प्रदेश नम्बर १ मा ५६.१३ प्रतिशत धान रोपाइ भएको छ । गत वर्ष सोही अवधिमा ७१.१६ प्रतिशत धान रोपाइ भएको थियो । सबैभन्दा कम रोपाई प्रदेश २ मा भएको हो ।

प्रदेश नम्बर २ मा असार ६ गतेसम्ममा ५०.४८ प्रतिशत मात्र धान रोपाइ भएको थियो गत वर्ष प्रदेश २ मा ८९.३८ प्रतिशत धान रोपाइ भएको कृषि मन्त्रालयको तथ्यांकले देखाएको छ ।

यो वर्ष असार ६ गतेसम्म देश भर कुल ६३.७९ प्रतिशत धान रोपाइ भएको छ । गत वर्षको तुलनमा यो वर्ष यस अवधिसम्ममा १३.९५ प्रतिशत धान रोपाई कम भएको हो । गत वर्ष यस अवधिसम्ममा ७७.७४ प्रतिशत धान रोपाइ भएको थियो ।

यस वर्ष उच्च पहाडी क्षेत्रमा ७५ प्रतिशत धान रोपाइ भएको छ भने मध्य पहाडी क्षेत्रमा ७२.८७ प्रतिशत धान रोपाइ भएको छ । यस्तै तराई क्षेत्रमा यो वर्ष ६० प्रतिशत धान रोपाइ भएको छ ।

कृषि मन्त्रालयको तथ्यांक अनुसार यो वर्ष कर्णाली प्रदेश बाहेक सबै प्रदेशमा धान रोपाई घटेको छ । कर्णाली प्रदेशमा यो पटक धान रोपाई १२ प्रतिशतको हाराहारीमा बढे पनि अन्य प्रदेशहरुमा भने धान रोपाई घट्दो क्रममा रहेको छ । अन्य प्रदेशहरुमा ७ प्रतिशतदेखि ३९ प्रतिशतसम्म धान रोपाइ गत वर्षको तुलनामा घटेको हो ।

५० हजार ऋणबाट सुरु भएको कृषि बजार स्थलको आम्दानी बार्षिक करोड



ख) खाद्यस्तर निर्धारण समितिको बैठकको निर्णय

-विभिन्न खाद्य वस्तुमा माइकोटक्सिनको अधिकतम् सीमा (Maximium residue Limit –MRL)

-गुँदपाकको मापदण्ड

-पुष्टकारीको मापदण्ड

-वनस्पति घिउ तेल तथा घिउमा टोटल पोलार मेटेरियलको अधिकतम् सीमा

४. राष्ट्रिय खाद्य स्वच्छता नीति जारी भएको सम्बन्धमा

यस आव २०७५/७६ खाद्य पदार्थमा स्वच्छता र गुणस्तरीयता कायम गर्दै आम उपभोक्ताहरूको स्वास्थ्यको संरक्षण र संविधान वमोजिमको हकको प्रत्याभूति गर्नाको साथै राष्ट्रिय खाद्य उद्योग र व्यवसायहरूको विकास तथा खाद्यवस्तुको निर्यात प्रवर्द्धन गरी 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा हासिल गर्न योगदान पुर्‍याउने दूरदृष्टिका साथ निम्न उद्देश्यहरू सहितको राष्ट्रिय खाद्य स्वच्छता नीति २०७६ नेपाल सरकारबाट स्वीकृति भै खाद्य स्वच्छता सम्बन्धी नीतिगत व्यवस्था भएको छ ।

५. प्रयोग सेवा

-यस आवमा विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरूमा प्रयोगशालाहरूबाट खाद्य ऐन नियम कार्यन्वयनका क्रममा संकलित नमूना, खाद्य उद्योग अनुज्ञापत्रका लागि संकलित नमूनाहरू लगायत सेवाग्राहीहरूबाट अनुरोध भई आएको समेत कुल १४,८८३ नमूनाहरू प्रयोगशाला जाँच परीक्षण गरिएको थियो ।

-प्रयोगशाला एक्रेडिटेशन विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालालाई रासायनिक जीवनाशक विषादीको अवशेष, माइकोटक्सिन, हेभि मेटल तथा सुक्ष्म जैविक विषय गरी विभिन्न २६ खाद्य पदार्थहरूका १०१ विषयमा नयाँ संस्करण OSO/IECC17025:2017 द्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गरेको छ ।

६. खाद्य प्रविधि विकास तथा पोषण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम

-आव २०७५/०७६ मा विभिन्न २६ किसिमका ट्रायल परीक्षण अध्ययन गरिएकोमा मुख्य मुख्य निम्न अनुसन्धान रहेको थिए ।

-वरफमा पाँगस माछाको भण्डारण अध्ययन

*खाद्य स्वच्छताको बारेमा आम उपभोक्ता एवं सरोकारवालाहरूलाई सचेत गर्ने उद्देश्यले Food Safety Everyone's Business' भन्ने नारा सहित ७ जुन २०१९ मा प्रथम विश्व खाद्य स्वच्छता दिवस तथा 'खाद्य पदार्थ स्वच्छता, हामी सबैको प्रतिवद्धता' भन्ने नारा सहित एघारौं राष्ट्रिय स्वच्छता दिवस विभिन्न कार्यक्रम सहित मनाइएको थियो ।*

-केरामा आधारित परिकार विकास

-सुन्तला, सख्खरखण्डको परिकार विकास बारे अध्ययन

-चामलमा आधारित पेय विकास अध्ययन

-लहरे आँपको परिकार विकास

-एभोकाडोको पेष्ट

-प्रोवायोटिक गुन्द्रुक

-गाजरयुक्त बिक्री

-हुम्मुसको भण्डारण

-पोषिलो परिकारको विकास

-अमला र सख्खर मिश्रित क्याण्डी

-सुन्तला, सख्खरखण्डको प्यान केक, पराठ

-जौ, चना, भटमासमा आधारित ब्रेकफास्ट विकास

-तालिम कार्यक्रम

आव २०७५/७६ मा निम्नानुसारको विभिन्न तालिमहरू सम्पन्न गरिएका थिए ।

-विभाग तथा क्षेत्रीय कार्यहरूबाट खाद्य प्रविधि र पोषण सम्बन्धी तालिम १,०२० जनालाई प्रदान गरिएको थियो ।

-खाद्य उद्यमी व्यवसायी, विद्यालयका शिक्षक विद्यार्थी तथा उपभोक्ताहरू समेत ४,२८० जनालाई खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी तालिम प्रदान गरिएको थियो ।

-पोषण विश्लेषण तथा फुड कम्पोजिशन टेवलको अद्यावधिक

विभिन्न १९७ खाद्य पदार्थहरूको पौष्टिक तत्व विश्लेषण गरी फुड कम्पोजिशन टेवलको अद्यावधिकका लागि कार्यक्रम गरेको ।

७. स्थानीय परम्परागत कृषिजन्य खाद्य पदार्थको प्रवर्द्धन तथा खाने बानीमा सुधार सम्बन्धी कार्यक्रम खाद्य मेला आयोजना

विगतको वर्षमा जस्तै आव २०७५/७६ मा पनि खानेबानी सुधारको लागि स्थानीयस्तरका उपलब्ध हुने अल्प प्रचलित पोषिलो कृषिजन्य उपजहरूको विविधीकरण हुनेगरी खाद्य प्रविधि तथा पोषण सम्बन्धी अभियानमूलक अनुसन्धान, परामर्शमूलक कार्यक्रम सहित इटहरी जनकपुर, हेटौडा, नेपालगंज, काठमाडौं, देवदेह, रुपन्देही, नेपालगञ्ज तथा कञ्चनपुर गरी ७ स्थानमा खाद्य मेला आयोजना गरिएको थियो । विभिन्न स्वदेशी उद्योगको उत्पादन र विभिन्न जाति तथा जनजातिको परम्परागत एवम् पौष्टिक परिकार सहितको स्टलहरू रहेको उक्त खाद्य मेला आमा उपभोक्ताहरूको उल्लेख्य सहभागीता रहेको थियो भने उत्कृष्ट हुने प्रदर्शनकर्ताहरूलाई पुरुस्कार वितरण गरिएको थियो ।

८. खाद्य स्वच्छता सचेतना कार्यक्रम

क. खाद्य स्वच्छता दिवस

खाद्य स्वच्छताको बारेमा आम उपभोक्ता एवं सरोकारवालाहरूलाई सचेत गर्ने उद्देश्यले Food Safety Everyone's Business' भन्ने नारा सहित ७ जुन २०१९ मा प्रथम विश्व खाद्य स्वच्छता दिवस तथा 'खाद्य पदार्थ स्वच्छता, हामी सबैको प्रतिवद्धता' भन्ने नारा सहित एघारौं राष्ट्रिय स्वच्छता दिवस विभिन्न कार्यक्रम सहित मनाइएको थियो । यस अवसरमा खाद्य स्वच्छता सहकार्यका लागि सरोकारवालाहरूको सहभागीतामा विभिन्न नाराका प्लेकार्डहरू लिई प्रभातफेरि कार्यक्रम गर्नुका साथै उत्कृष्ट उद्यमीहरू ( हिमालयन स्प्रिङ्ग वाटर प्रा.लि धुन्चे, कञ्चन पाउरोटी उद्योग विर्तामोड, श्रीसाई ड्रिकिङ्ग वाटर ईण्डष्ट्रीज विरगंज पर्सा, पौडेल बेकरी उद्योग हेटौडा मकवानपुर, साई चिया उद्योग बुटवल, रुपन्देही, हुलास खाद्य उद्योग प्रा.लि कोहलपुर बाँके, अभिषेक मौरी पालन फार्म घोडाघोडी कैलाली, नेपाल अर्गानिक कफी प्रडक्टस तीनथाना, काठमाडौं, साथै खाद्य स्वच्छता प्रविधि तथा पोषणमा क्षेत्रमा योगदान पुर्‍याउनु हुने विशिष्ट व्यक्तित्व र उत्कृष्ठ कर्मचारीहरूलाई प्रमाणपत्रहरू प्रदान गरिएको थियो । यस अवसरको २०७६ ज्येष्ठ महिनाभरी विभाग तथा क्षेत्रीय कार्यालयहरूको विविध कार्यक्रम तथा गतिविधिहरूको आयोजना गरी खाद्य स्वच्छता महिना मनाइएको थियो । खाद्य स्वच्छता सम्बन्धीमा विद्यालयहरूमा खाद्य स्वच्छता र पोषणको विषयमा सचेतना उपभोक्ता संघ-संस्थाहरूसँगको सहकार्यमा उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरिएको थियो ।

ख. खाद्य स्वच्छता अभियान

खाद्य स्वच्छताका दृष्टिकोणले बढी जोखिमयुक्त खाद्य पदार्थहरू प्रशोधित पिउने पानी, दूध तथा खाने तेललाई प्राथमिकतामा राखी अभियानको रुपमा निम्नानुसारको प्रवर्द्धनात्मक तथा नियमन केन्द्रित कार्यक्रम सञ्चालन गरिएका थिए ।

-प्रशोधित पिउने पानी, दूध तथा खाने तेलको लागि असल उत्पादन अभ्यास आचार संहिता लागु बारे उद्यमी व्यवसायीहरूलाई काठमाडौं, विराटनगर, हेटौडा, भैरहवा, नेपालगञ्ज, धनगढीमा समेत जम्मा २१ पटक प्रशिक्षण कार्यक्रम गरी खाद्य उद्यमी एवं व्यवसायहरूको क्षमता अभिवृद्धि गरियो ।

विभिन्न ३२६ विद्यायहरूमा खाद्य स्वच्छता एवं गुणस्तर सम्बन्धमा शिक्षा कार्यक्रम उपभोक्ता भेला तथा अन्य सरोकारवाला सचेतना कार्यक्रम सम्पन्न गरियो ।

-काठमाडौं विराटनगर हेटौडा, भैरहवा, नेपालगंज, धनगढीमा दुध, पानी तथा खाने तेलको २७४ प्रशोधन उद्योगहरूको निरीक्षण अनुगमन, नमूना संकलन निर्देशिका कार्यन्वयन अवस्था अध्ययन गरियो ।

-काठमाडौं, विराटनगर, ह्टिौडा, भैरहवा नेपालगंज, धनगढी स्थिति ४७४ डेरी पसलहरूको निर्देशिका कार्यन्वयन सम्बन्धमा निरीक्षण अनुगमन तथा नमूना संकलन गरियो ।

-निरीक्षण अनुगमनको क्रममा दुध, पानी तथा खाने तेलको ६७३ नमूनाहरू संकलन गरियो

-दुध पानी तथा खाने तेलको स्वच्छता अभिवृद्धि सम्बन्धी श्रव्यदृष्या सामाग्री निर्माण गरी प्रसारण गरियो ।

ग. खाद्य स्वच्छता अभिमुखीकरण कार्यक्रम आव २०७५/७६ मा विभाग मातहतका ६ वटै कार्यालयहरूबाट विराटनगर, जनकपुर, हेटौडा, भैरहवा, नेपालगञ्ज र धनगढीमा पत्रकारहरूको लागि खाद्य स्वच्छता, गुणस्तर पोषण सम्बन्धी समाचार संकलन तथा प्रकाशन प्रसारण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

**९. होटल रेष्टुरेन्ट स्तरीकरण :**

यस अवधिमा विभाग तथा मातहतको कार्यालहरूबाट जम्मा ७२२ होटल रेष्टुरेन्ट स्तरीकरण गरिएकोमा १५ (२ प्रतिशत) वटाले अति उत्तम (Green sticker with three stars) पाउन सफल भए

*मिति २०७६ जेठ असार २ गते नेपाल राजपत्र भाग ५ मा प्रकाशन भई सम्माननीय सर्वोच्च अदालतको आन्तरिम आदेश कार्यन्वयनको अवस्था छ र उक्त सूचनाको प्रकरण ६ को खण्ड (ग)मा उल्लेखित तरकारी तथा फलफूल पैठारी गर्दा सम्बन्धित भन्सार विन्दुमा क्वारेन्टाइन प्रक्रिया र जीवननाशक विषादिको अवशेष परीक्षण गर्नुपर्ने व्यवस्था वमोजिम विभागले भए गरेको कार्य विवरण निम्न बमोजिम रहेका छन् ।*

भने ९० (१३ प्रतिशत) वटाले उत्तम (Green sticker with two stars २७६ (३८प्रतिशत) वटाले सन्तोषजनक (Green sticker with one star) र ३४१ (४७ प्रतिशत) वटाले सामान्य स्तर (Yellow sticker wthout star प्राप्त गरेका थिए ।

**जीवनाशक विषादी सम्बन्धमा :**

निकासी पैठारी (नियन्त्रण) ऐन २०१३ को दफा ३ को उपदफा ३ को उपदफा २ वमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६ जेठ १० गतेको निर्णयबाट निकासी पैठारी सम्बन्धी आदेश स्वीकृति भएको र उक्त आदेश मिति २०७६ जेठ असार २ गते नेपाल राजपत्र भाग ५ मा प्रकाशन भई सम्माननीय सर्वोच्च अदालतको आन्तरिम आदेश कार्यन्वयनको अवस्था छ र उक्त सूचनाको प्रकरण ६ को खण्ड (ग)मा उल्लेखित तरकारी तथा फलफूल पैठारी गर्दा सम्बन्धित भन्सार विन्दुमा क्वारेन्टाइन प्रक्रिया र जीवननाशक विषादिको अवशेष परीक्षण गर्नुपर्ने व्यवस्था वमोजिम विभागले भए गरेको कार्य विवरण निम्न वमोजिम रहेका छन् ।

-स्याउ, केरा, करेला, भन्टा, कोभी, भिण्डी, आलु, गोलभेडा र चिया गरी १० वटा तरकारी तथा फलफूलमा खाद्यस्तर निर्धारण समितिबाट जीवनाशक विषादी अवशेषको तह अधिकतम् सीमा तोकी WTO Notification पश्चात नेपाल राजपत्रमा प्रकाशनको प्रक्रियामा रहेको ।

-थप १० वटा तरकारी तथा फलफूलमा जीवनाशक विषादी अवशेषको अधिकतम् सीमा तोक्न मस्यौदा तयारी गरिरहेको ।

-कृषि तथा पशुपन्छी विकास मन्त्रालयको २०७६ असार १४ को निर्णय अनुसार विभाग तथा अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरूमा अत्याधुनिक उपकरण सहित जीवनाशक विषादीको अवशेष परीक्षण क्षमता हुनेगरी स्तरोन्नती कार्यालयहरूमा अत्याधुनिक उपकरण सहित जीवनाशक विषादीको अवशेष परीक्षण क्षमता हुनेगरी स्तरोन्नति तथा सुदृढीकरण गर्ने । साथै तत्कालका लागि भन्सारबाट प्राप्त नमूनाहरूको द्रुत विषादी अवशेष विश्लेषण RBPR परीक्षण गर्न सक्ने र तोकिएको मापदण्ड भन्दा बढी देखिएमा विस्तृत प्रक्रियाको लागि विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालामा पठाउने गरी कार्य भैरहेको ।

-विभाग अन्तर्गत भैरहवा, बीरगञ्ज, नेपालगंज तथा धनगढी कार्यालयहरूमा द्रुत विषादी अवशेष परीक्षण (RBPR) विधिद्धारा तरकारी तथा फलफूल परीक्षणका लागि तालिम सम्पन्न गरेको ।

**११. विभागको आगामी योजना :**

देशभित्र स्वच्छ र गुणस्तरीय खाद्य पदार्थ उत्पादन, बिक्री वितरण तथा आयत् निर्यात व्यवस्थित गरी आम उपभोक्ताको स्वास्थ्य संरक्षणका लागि यस विभागको आगामी दिनमा निम्नानुसारको योजना रहेको छ ।

-दूध पानी तथा तेलमा स्वच्छता एवम् गुणस्तर कायम राख्न देशैभरी अभियानको रुपमा कार्यक्रम सञ्चालनलाई निरन्तरता दिने ।

-विभाग अन्तर्गत राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाहरूको जीवनाशक विषादीको अवशेष विश्लेषण परीक्षणको क्षमता अभिवृद्धिलाई निरन्तरता दिँदै र खाद्य स्वच्छता नियमन तथा निर्यात सहजीकरण गर्न थप विषयको अन्तर्राष्ट्रिय मान्यता Accreditation प्राप्त गर्ने ।

-विभाग मातहतका कार्यालयहरूमा रहेको प्रयोगशालाहरूको जीवनाशक विषादिको अवशेष परीक्षणका लागि स्तरोन्नती गरिने ।

-आयातीत् खाद्यवस्तुको स्वच्छता र गुणस्तर कायम गर्न खाद्य आयत् निर्यात् गुणस्तर प्रमाणीकरण कार्यन्वयन गर्न प्रयोगशालाको सुदृढिकरण ।

-प्रस्तावित खाद्य स्वच्छता तथा गुणस्तर ऐन वमोजिम नियमावलीको मस्यौदा तयारी क्रममा रहेको ।

-अन्तर्राष्ट्रिय मापदण्डसँग समतुल्य हुनेगरी खाद्य स्वच्छता तथा गुणस्तर मापदण्डहरू तयारी परिमार्जन गरी लागु गर्दै जाने ।

प्रवक्ता मोहनकृष्ण महर्जन
प्रवक्ता
२०७६/०४/१४



# कृषिका एक दर्जन योजना असफल

कृषिमन्त्री खनाल

काठमाडौं । २०७६ साउन १७ बिहीबार मन्त्रालयमा गत आर्थिक वर्ष २०७५/०७५ को वार्षिक प्रगति समीक्षा सार्वजनिक गरिरहँदा कृषिमन्त्री चक्रपाणि खनाल पहिले जस्तो उत्साहित थिएनन् । उनको अनुहारमा त्यति चमक र रौनक थिएन । बरु, छोटो मन्तव्य राख्ने समय लिएका उनले झण्डै ३५ मिनेट कर्मचारीको कार्यशैलीका कारण आफूले अघि बढाएका योजना असफल भएको आरोप लगाउँदै उनी कर्मचारीप्रति आक्रामक भए । गत वर्ष निकै उत्साह र परिणाम दिने भनेर कृषिमन्त्री खनालले ५८ बुँदे कृषि योजना अघि सारेका थिए । तर, उनले महत्वपूर्ण र कण्ठस्थ पारेका झण्डै एक दर्जन कार्यक्रम तथा योजना असफल भएपछि यसको दोष कर्मचारीमाथि थुपारेका हुन् । आफ्ना योजना तथा कार्यक्रम कार्यान्वयन नहुनुमा कर्मचारीको दोष होला तर, त्यसमा मन्त्रीको भूमिका कति हुने भन्ने अर्को प्रश्न उठेको छ ।



लक्षित गरिएका आफ्ना कार्यक्रम र योजना पूरा गर्न कसरी, कति र कुन प्रणालीबाट अघि बढे या बढेनन् भन्ने मूल्याङ्कन र सुपरभिजन गर्ने फुर्सद नपाएकै हुन् त । आफ्ना 'पपुलर' योजनाको व्यवहारिक कार्यान्वयन गर्न मन्त्री आफैले पनि अनुगमन र काम नभएको खण्डमा आवश्यक निर्देशन समयमै दिनुपर्थ्यो ।

कि त योजना तथा कार्यक्रम अघि बढाउँदा कार्यान्वयन निकायसँग कुनै समन्वय गरिएन, कि त त्यसको व्यवहारिक कार्यान्वयनमा मन्त्री नै अलमलमा परे । कर्मचारी र मन्त्रालयगत निकायसँग छलफल गरेर मात्रै योजना तर्जुमा गरेको भए कर्मचारी नै दोषी होलान् ।

१. समयमै मल खरिद नहुनु

गत वर्ष मन्त्री खनालले ५८ बुँदे भावी योजनामा नै समावेश गरी रासायनिक मल सहज आपूर्ति व्यवस्था गरिने बताएका थिए । समयमै खरिद प्रक्रिया अघि बढाई किसानलाई 'पिक सिजन'मा मल समस्या हटाउने उनले उद्घोष गरे अनुसार ३ अर्ब रुपैयाँ अनुदानवापत मल खरिद गर्न बजेट छुट्याइयो । त्यसवापत मल आयो । तर, माग र वितरणको सन्तुलन नहुँदा किसानसम्म मल पुगेन । मल अपुग हुने भएपछि थप ३ अर्ब रुपैयाँ अर्थ मन्त्रालयसँग माग गरियो ।

गत माघमै अर्थसँग प्रस्ताव गरिएको थप रकम कृषि मन्त्रालयले मल खरिदसम्बन्धी शर्त पूरा गर्न नै समय लगायो । झण्डै ३ महिनासम्म थप मल खरिद प्रक्रियासहितको फाइल मन्त्रालयमै थन्क्याएको मन्त्रालयका एक कर्मचारीले बताए । पछि, गत जेठ २ मा मात्रै अर्थसँग सहमति गरेर थप रकम निकासा भयो । तर, निकै ढिलो गरी प्राप्त भयो । यसअघि खरिद प्रक्रिया अघि बढेको थिएन । यता, किसानलाई असार र साउन महिनामै मल चाहिने अवस्था थियो । खरिद प्रक्रियाकै ढिलाइले अहिले पर्याप्त मल नआउँदा किसानलाई मलको समस्या ज्यूँका त्यूँ रह्यो ।

२. कालिमाटी तरकारी बजारको सुधार

कृषिमन्त्रीले लिएको अर्को सुधार प्रयास हो । कालिमाटी तरकारी बजारमा वर्षौंदेखि स्टल 'होल्ड' गर्ने बिचौलियालाई निमिट्यान्न पार्ने प्रयासअनुरुप मन्त्रीले बजारको अनुगमन पनि गरे । अनाधिकृत रुपमा अरुलाई स्टल भाडामा दिने ५८ व्यापारीको स्टल खारेजसमेत गरियो । तर, व्यापारी अदालत गएपछि तत्काल यथावत स्थितिमा राख्ने आदेश दियो । मन्त्रीको प्रयास अदालतले उल्ट्याइदियो । अहिले खारेजीको सूचीमा रहेका व्यापारीले निर्वाध रुपमा कारोवार गरिरहेका छन् । अहिले मन्त्री कालिमाटी तरकारी बजार सुधार गर्ने कुराभन्दा पनि 'इरिटेड' मान्ने गरेका छन् ।

३. ईटालियन स्याउका बिरुवा आएनन्

मुलुकलाई स्याउमा आत्मनिर्भर बनाउन र आयात कम गर्न कृषिमन्त्रीले इटलीबाट स्याउका २ लाख बिरुवा ल्याउने प्रस्ताव गरे । त्यसअनुसार, १० करोड रुपैयाँ बजेट छुट्याइयो । एकै पटक धेरै फल्ने प्रकृतिका स्याउका बिरुवाको खरिद प्रक्रिया अघि बढेन । टेन्डरमार्फत कम्पनी छनौट गरिए पनि केही कानूनी प्रक्रियाको उल्झनमा गत वर्ष उक्त कार्यक्रम स्थगित गरियो ।

४. कागती खेती विस्तार योजना

अहिले पनि झण्डै ३/४ अर्ब रुपैयाँको कागती आयात् हुन्छ । मन्त्रीले आफ्नै देशमा उत्पादन गर्न सक्ने भनेर कागती खेती विस्तार योजनाअनुसार निश्चित जिल्ला छुट्याएर कार्यक्रम लागू गर्ने उद्घोष् गरे । तर, तोकिएको जिल्लामा जग्गा प्राप्ति र अन्य कारणले योजना अघि बढ्न सकेन ।

५. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

प्रधानमन्त्री कृषि आधुनिकीकरण कृषि मन्त्रालयको सबैभन्दा ठूलो परियोजना हो । १० वर्षे कृषि विकास रणनीतिअन्तर्गत यो परियोजना अघि बढाइए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा समस्या छ । परियोजनाअन्तर्गत पकेट, ब्लक, जोन र सुपरजोन सञ्चालनबाट वास्तविक किसानले भन्दा गैरकिसानले लाभ लिइरहेको मन्त्रालयकै प्रतिवेदनले बताउँछ । यो परियोजनाको कार्यान्वयनमा पनि कृषिमन्त्री सन्तुष्ट छैनन् । चालू आवमा परियोजना परिमार्जन गरी जोन र सुपरजोन मात्रै संघबाट सञ्चालन गर्ने र पकेट/ब्लक सञ्चालनको बजेट प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएको छ ।

६. सार्वजनिक जग्गामा फलफूल खेती विस्तार

मन्त्रालयले सार्वजनिक जग्गामा फलफूल खेती विस्तार कार्यक्रमअन्तर्गत सिंहदरबार क्वाटरमा २ हजार ५०० फलफूलका बिरुवा रोप्ने कार्यक्रम बनायो । जैविक संरक्षण र बढ्दो फलफूल आयातलाई कम गर्न सिंहदरबार र मन्त्री क्वाटर परिसरमा बिरुवा लगाउने भने पनि पर्याप्त जग्गा नहुँदा त्यो कार्यक्रम अघि बढेन । मुस्किलले ४०० फलफूलका बिरुवा मात्रै रोपिए पनि मूलत: यो कार्यक्रममार्फत छुट्याइएको बजेट फ्रिज भयो ।

**७. कृषि कर्जा र अनुदान**